# प्रेतात्माशास्त्र

## भौतिक क्षेत्र

अब म...?...[टेपमा रिक्त स्थान—सम्पा।] म मैदानमा आएदेखि मेरो कुनै पनि सभाहरुमा गरेको यो पहिलो पटक हो। यो एउटा नयाँ समय हो।भाई म्याक्सटर जानुभयो; र—र भाई बोसवर्थ भारत, वा, अफ्रीकामा हुनुहुन्छ; र भाई ब्याक्सटर, उहाँ कहाँ हुनुहुन्छ मलाई थाहा छैन। उहाँ कतै जानुभएको छ, र बाकि रहेकाहरु बाहिर हुनुहुन्छ र जानुभएको छ। र बिल्ली र म यहाँ एक्लै छौ, त्यसैले हामी भर्खरै राम्रो समय बिताईरहेका छौ: बस उठ्ने, मार्ने अनि खाने। त्यसैले, हामी—हामीलाई यस्तो महसूस गर्छौं कि शायद हामी सक्छौ, प्रभुको सहायताले, हामी आफै, मार्फत बैठक अगाडि बढाउन सक्छौ। यदि करणले गर्दा म यसलाई अलिकति बढेको देख्दा खुसी छु, त्यो एउटा कारणको लागि हो। म विश्वास गर्छु कि यो गर्नको लागि प्रभुले हामीलाई मद्धत गर्नुहुनेछ। अब, तपाईलाई थाहा छ त्यहाँ...

मलाई मेरो व्यवस्थापन मन पर्छ। मसँग केहि प्रिय भाईहरु छन्, बोसवर्थ, ब्याक्सटर, लिन्ड्से, मूर, सबैजना, पाँच जना हुनुहुन्छ, बरोन भोन ब्लोमबर्ग। तिनीहरु केवल धेरै राम्रा पुरुषहरु हुन्। तर त्यहाँ केवल केहि कुरा छ, जब तपाईले पुरुषहरुको समूहलाई सँगै पाउनुहुन्छ, एउटासँग एउटा कुरा छ, अर्कोसँग अर्को छ। कहिलेकाहि यो म आफैले सोचेको भन्दा विपरित हुन्छ। त्यसैले म—म—म अहिले केवल स्वतन्त्र भएको महसूस गर्छु। हामीसँग रमाईलो समय हुन सक्छ, केवल हाम्रो बाहुला माथि तानेर, र केवल हाम फालेर खान सक्छौ। म तपाईले आफ्नो बाहुला माथि तानेर एउटा—एउटा रमाईलो समय जिएको सोच्छु।

मेरो पहिलो बाईबल प्रकृति थियो। मैले परमेश्वरलाई प्रकृतिद्वारा सिके। अनि मलाई माछा मार्न मन पर्छ। मलाई माछा मार्न कति धेरै मन पर्छ! र तपाईलाई माछा मार्न मन पर्छ, केटा? यदि तपाईलाई माछा मार्न मन पर्छ भने, र तपाईको आमालाई प्रेम गर्नुहुन्छ भने, तपाई असल केटा बन्नुहुनेछ। र मेरो रूपान्तरणले समेत यसलाई पूर्ण रूपमा निकाल्न सकेन। त्यसैले एक दिन म माथि डाँडामा तिह्ये, माछा मार्न टाढा। अब, यो केवल यो सानो

केटाको फाईदाको लागि हो। र म त्यहाँ माथि डाँडामा माछा मार्दै थिए... र अन्य साना बच्चाहरुको लागि, अवश्य, जो चारै तिर बसिरहेका छन्। र मैले ट्राउट माछा मार्दै थिए। र, ओ, यो वसन्तको समयमा अद्भूत हुन्छ। म त्यसैसँगै गए, र ठिक अर्को प्वालमा ट्राउट थियो, तपाईलाई थाहा छ, त्यस्तै। र केवल परमेश्वरलाई प्रशंसा गर्दै एउटा रमाईको सबै बिताउदै थिए, कराउदै। कहिले काहि, मेरो रेखा तल छोड्नुहोस्। म कराउनमा विश्वास गर्छु। आमेन। म निश्चय नै गर्छु। किनकि, मलाई थाहा छ कि केहि कुराले मलाई थाम्छ, र यसले केवल मलाई केहि गर्छ।

2 त्यसैले त्यस बिहान म अलि माथि गएको थिए, र जब म फर्केर आए, सबैभन्दा अनौठो कुरा: त्यहाँ माथि न्यु ह्याम्पशायर, तर्फ धेरै भालुहरु छन्। मेरो त्यहाँ माथि सानो शिविर छ, जहाँ मैले माछा मार्छु। र त्यहाँ राखिएको मेरो एउटा पुरानो पाल छ, एउटा सानो पुरानो पप पाल जहाँ म बसिरहेको थिएँ। र त्यहाँ कालो भालु सबैभन्दा उपद्रवी चिज हो। त्यसैले, एउटा बुढी आमा भालु र एक जोडि साना भालुहरु त्यहाँ पसेका थिए, र मेरो पाललाई तहसनहस बनाएका थिए।

3 अब, तपाईलाई के लाग्छ मैले त्यो भालुलाई के गर्नुपर्थ्यो, सानी केटि त्यो रातो केशको साथ त्यहाँ पछाडि, त्यहाँ पछाडिनिर? म साच्चै उसको पछि लाग्न पर्ने थियो, होइन र?

4 तर हेर्नुहोस् यहाँ उनले के गरिन्। उनी भित्र आईन्, उनले मेरो पाल च्यातिन् र सबैकुरा उनले छरपष्ट पारिन्, र मेरो सबै खाना खाईदिईन्, र उनले त्यस्तै नै गर्दै थिईन्। त्यसैले जब म माथि आए, उनी टाढा गईन्। र तिनले आफ्ना बच्चाहरुलाई बोलाईन्, र एउटा सानो बच्चा ऊ सँगै गयो। र अरु चाहि दौडिदैन थियो; ऊ केवल त्यहि बस्यो। उसको ढाँड म पट्टि फर्काएको थियो, यसरी, र उसले केहि गर्दैथियो। र मसँग मेरो हातमा एउटा सानो पुरानो हाते बन्चरो बाहेक अरु केहि पनि थिएन। मैले त्यहाँ तल केहि पुरानो रुखहरु काट्दै थिए। ठिक छ, उनी धेरै टाढा दौडेर भागिन्, ओ, मलाई लाग्छ त्यहाँ बाहिर भएको त्यो टेलीफोनको खम्बा, र उनि तल बसिन्। उनले यो सानो बुढो भालुलाई बोलायो, र यसले उनलाई कुनै वास्ता नै दिएन। ऊ केवल त्यहि बसिरह्यो।

5 मैले सोचे, “त्यो सानो साथी के गर्दैछ?” म माथि अलिकति नजी गए। म धेरै नजिक जान डराएको थिए, त्यसले मलाई चिताई भन्ने कुरामा

डराएको थिए। त्यसैले—त्यसैले म—मैले एउटा रुख देख्न सकिन, र मलाई थाहा छ उनी पनि चढ्न सक्थिन्। त्यसैले, र म उनको धेरै नै नजिक जान चाहन्न थिए, किनकि मलाई भालुको स्वभाव थाहा छ। त्यसैले, म केवल थोरै नजिक गए। र तपाईलाई थाहा छ के भयो?

6 अब, मलाई प्यानकेक मनपर्छ। तपाईहरु कतिजना केटाहरुलाई प्यानकेक मनपर्छ? ओ, केटा! ओ, म…बूढा केटाहरु, पनि। मैले उहाँहरुले आफ्ना हातहरु माथि उठाईरहनुभएको देखेको छु। हामी सबैलाई प्यानकेक मन पराउछौ, र म उनीहरुलाई बस प्रेम गर्छु, र म उनीहरुमा मह पोख्न मन पराउछु। एउटा ब्याप्टिष्ट भएको नाताले, तपाईलाई थाहा छ, त्यसले नै हो हामीलाई सिधा राख्छ, तपाईलाई थाहा छ, यो मह हो, तपाईलाई थाहा छ। त्यसैले, र सुन्नुहोस्, म उनीहरुलाई छर्किदिन, म वास्तवमै उनीहरुलाई बप्तिष्मा दिन्छु। म यसलाई साच्चै त्यहाँ खन्याउछु जहाँ त्यो वास्तवमै असल र भारी हुन्छ। म केवल यहाँ थोरै अनि त्यहाँ थोरै छिर्काउने गर्दिन। म वास्तवमै तिनीहरुमा खन्याउछु, तिनीहरुलाई पुरै महले भरिने बनाउछु।

7 र त्यसपछि, तपाईलाई थाहा छ, मसँग त्यहाँ माथि महको बाल्टिन थियो, महको आधा ग्यालिन बाल्टिन थियो। अनि भालुहरुले मह धेरै मन पराउँछन्। त्यसैले यो सानो साथी त्यहाँ पुग्यो र त्यो महको बाल्टिनबाट ढक्कन निकाल्यो, र ऊ त्यहाँ यसरी बसिरहेको थियो, उसको पाखुरामा यो सानो महको बाल्टिन सहित, *यसरी*। उसले पायो…र उसलाई यो कसरी खाने भनेर थाहा थिएन, जस्तो तपाईले गर्नुहुन्छ, तपाईलाई थाहा छ, त्यसैले उसले आफ्नो सानो पन्जा चुस्यो र *त्यसरी* चाट्यो, र चाट्यो। र उसले मलाई हेर्नको चारैतिर फर्कियो, र उसको सानो बुढो आँखाहरु सबै एकैसाथ पल्टिएका थिए, उसको सानो पेट महसँगै, जत्ति हुनसक्छ त्यति चिल्लो थियो। ऊ केवल त्यहाँनिर बसिरहेको थियो, आफ्नो हात तल झार्दै मह चाट्दै थियो, *त्यसरी*, उसले चाट्न सके जत्तिको कडासँग खादै थियो।

8 ओ, मेरो, मैले राम्रो पुरानो समयको पवित्र आत्माको सभाको बारेमा सोचे, जब हामीले केवल बाल्टिन खोल्यौ, हाम्रो हातहरु तल भाडामा टाँस्थ्यौ र चाट्थ्यौ। बस खाई नै राख्थ्यौ, तपाईलाई थाहा छ, केवल चाटिरहने।

9 र तपाईलाई थाहा छ हास्यास्पद कुरा के थियो, यद्धपि? त्यो सानो साथीले आफूले जति सक्दो पाईसकेपछि, उसले बाल्टिन त्यत्तिकै छोड्यो

अनि त्यहाँतिर भाग्यो। तपाईलाई थाहा छ के भयो? आमा भालु र अर्को सानो भालुले उसलाई चाट्न थाल्यो, त्यसरी मह निकाल्यो।

10 त्यसैले, ठिक छ, शायद हाम्रो सभा केहि त्यस्तै तरिकामा हुनेछ, म आशा गर्छु, ताकी हामीले केवल अरुलाई बताईरहन पाउँ, र परमेश्वरको महिमाहामीमा झरिरहेको होस्। ठिक छ।

11 तपाई साना नानीहरुलाई देख्दा म खुसी छु। म तपाईहरुलाई केहि त्यस्तै कुरा भन्न मन पराउछु। र शायद भली दिउँसो, हामीसँग धेरै समय छ, र—र हामीले केहि धेरै बोल्न सक्नेछौ। र अहिले हामी केहि कुराको बारेमा बुवा र आमासँग बोल्नेछौ।

12 हामीहरु *प्रेतात्माशास्त्रको* बारेमा बोल्न जाँदै छौ। भजनसंग्रह १०३:१ देखि ३, हामीहरु यी पदहरु पढ्छौ। प्रायजसो हरेक सेवक र पादरी, वा बाईबल पाठकले, यो कण्ठ जान्नुभएको छ।

> *हे मेरो प्राण परमप्रभुको प्रशंसा गर्: ए मेरो सारा अन्तस्करण, उहाँको पवित्र नाउँको स्तुति गर्।*
>
> *हे मेरो प्राण, परमप्रभुको प्रशंसा गर्,* र *उहाँका सबै उपकारहरू नबिर्सी* :
>
> *जसले तेरा सबै* पापहरू *क्षमा गर्नुहुन्छ;* र *तेरा सबै रोगहरू निको पार्नुहुन्छ;*

13 म तपाईलाई त्यहाँ त्यो ध्यान गरेको म चाहन्छु, यो एउटा "सबै" थियो। "जसले तेरा सबै पापहरू क्षमा गर्नुहुन्छ, र तेरा सबै रोगहरू निको पार्नुहुन्छ।" अब के हामी एक क्षणको लागि हाम्रा शिरहरु झुकाउन सक्छौ।

14 अब, स्वर्गीय पिता, यस दिउसोमा हामी तपाईलाई धन्यवाद दिन्छौ, यहाँ बाहिर भएकोमा। हामी यहाँ चारैतिर बसिरहेका नानीहरुको निम्ति तपाईलाई धन्यवाद दिन्छौ, तिनीहरु भोलिका पुरुष, र महिलाहरु हुन्, यदि त्यहाँ भोलि छ भने, यदि येशूपर्खिरहनुभयो भने। र अब, पिता, हामी प्रार्थना गर्छौं—कि हामीले तपाईको वचन बोल्दै गर्दा तपाईले हामीलाई आशिष दिनुहुनेछ अब, र हाम्रो ठूलो शत्रु शैतानको, बारेममा। हामी प्रार्थना गर्छौं, परमेश्वर, कि तपाईले हामीलाई अगाडि राख्न दिनुहुन्छ, यहाँ एउटा यंत्रीकृत इकाई, परमेश्वरको शक्ति, जुन आज राति त्यो त्यसको जमिनको प्रत्येक इन्चमा सामना गर्नेछ, प्रभु, र त्यसलाई देखाउनुहुनेछ कि त्यो कुनै पनि वैध

अधिकारमा छैन, कि ख्रीष्टले कलवरीमा हाम्रो सट्टामा त्यसलाई पराजित गर्नुभएको छ, जब उहाँ मर्नुभयो, र उहाँले राज्यहरुलाई भत्काउनुभयो र शैतानलाई—त्यससँग भएको हरेक शक्तिलाई लुट्नुभयो। र, परमेश्वर, अब हामीलाई बुद्धि र समझ दिनुहोस्, जान्न र मानिसहरुलाई कसरी निको पार्ने र शैतानलाई परास्त गर्ने भनेर जान्न सकून् भनेर बुझाउन। येशू ख्रीष्टको नाउँमा हामी प्रार्थना गर्दछौ। आमेन।

15 अब केहि मिनेटको लागि हामी *प्रेतात्माशास्त्रको* बारेमा बोल्न जानेछौ। तपाईले दुष्टहरुको बारेमा धेरै सुन्नुहुन्छ। अब, भोलि दिउँसो हामीले सम्भवतः यो सक्काउनेछौ। मैले जसरी पनि, यो हप्ताको दुई दिन चाहेको थिए, यो प्रचार गर्नको लागि, केवल...वा दिउँसोको सेवाहरुको लागि दुई दिन, यसमा बोल्नको लागि।

16 अब, पहिलो कुरा, प्रेतात्मा के हो। तपाईले धेरैजसो मानिसहरुले एउटा प्रेतात्माको बारेमा बोलिरहेको सुन्नुहुन्छ। ठिक छ, अब, "दुष्ट, शैतान," सबै एउटै शब्दबाट आउछ, र अंग्रेजीमा यसलाई "पिडा दिने" भन्दछ। एकजना जसले दुःख दिन्छा त्यो नै एउटा शैतान हो, एउटा दुष्ट। उसले भन्छ...अब, आज बाईबल, धेरैलाई, धेरै मानिसहरुलाई, कुनै पुरानो पछाडिको पुस्तक हो जुन हजुरबुवा र हजुर आमाले पढ्नुहुन्छ, वा केहि त्यस्तै खालको। "त्यहाँ धेरै केहि पनि छैन, यो बुढाबुढीको, र अन्य त्यस्तैको लागि हो।" तर त्यो गलत हो। यो सबैको निम्ति हो। र दुष्टहरु पिडा दिनेहरु हुन् जसले हामीलाई पिडा दिन्छन्।

17 अब, त्यहाँ दुष्टहरु छन् जो मानिसको प्राणमा आउँछ, र त्यो, वाक्यांशमा, त्यो—त्यो भित्र हुन्छ...म यो भन्छु, यद्धपि, प्राणमा आउने शैतान केहि त्यो हो जसले प्राणलाई पिडा दिन्छ।

18 धेरै पटक तपाईले एउटा व्यक्तिलाई देख्न सक्नुहुन्छ जो शायद पागल भएका छन्। अब, तिनीहरु एउटा परिवर्तन भएको व्यक्ति हुन सक्छन्, पवित्र आत्माले भरिएको, र अझै पनि पूर्ण रूपमा पागल हुन सक्चाह्न्न। बुझ्नुभयो? त्यो सहि हो। त्यसको प्राणसँग कुनै सरोकार छैन। यो एउटा पिडा दिने हो, हेर्नुहोस्, केहि कुरा जसले तिनीहरुलाई पिडा दिन्छ।

19 अब, सबै बिमारहरु, पहिलो हामीले यो पत्ता लगाउन पर्छ कि सबै बिमार शैतानबाट आउँछ। परमेश्वर बिमारको अधिकारी हुनुहुन्न। कुनै बिमार परमेश्वरबाट आउँदैन। परमेश्वरले कहिलेकाहि तपाईमा रोग आउन

शैतानलाई अनुमति दिनुहुन्छ, तपाईलाई परमेश्वरको घरमा फर्किनको लागि एउटा कोर्रा जस्तो, जब तपाई अनाज्ञाकारी हुनुभएको हुन्छ। तर रोग, यसको शुरूवातमा, यो शैतानबाट आएको हो। के तपाई कल्पना गर्नसक्नुहुन्छ एउटा व्यक्ति जसले विश्वास गर्दछ कि परमेश्वर, हाम्रो स्वर्गीय पिता, रोग र मृत्युको एउटा अधिकारी हुनुहुन्छ भनि? खैर, होइन, उहाँ हुनुहुन्न, कहिल्यै हुनुहुन्न थियो, कहिल्यै हुनुहुनेछैन। परमेश्वरले मृत्युलाई अनाज्ञाकारीताको कारणले आउन अनुमति दिनुहुन्छ। परमेश्वरले मृत्युलाई अनुमति दिनुहुन्छ। जसरी एउटा लेखकले भने, "मृत्युले गर्न सक्ने भनेको, परमेश्वरले यसलाई एउटा बग्गीमा बान्नुभयो र यसले हामीलाई परमेश्वरको उपस्थितिमा तान्दछ, एउटा विश्वासीलाई।" तर *मृत्यु* शब्दको अर्थ "अलगाव" हो।

20 येशूले भन्नुभयो, "जसले मेरो वचन सुन्छ र पठाउनुहुनेलाई विश्वास गर्छ, उसमा अनन्त जीवन पाउँछ।" र उहाँले भन्नुभयो, "म पुनरुत्थान, र जीवन हुँ, जसले मलाई विश्वास गर्छ, ऊ मर्यो भने तापनि, ऊ जिउनेछन्, र जो बाँच्दछ र ममा विश्वास गर्छ त्यो कहिल्यै मर्नेछैन।" र हामीले एक अर्काको शवलाई हाम्रो चिहानमा सन्तविहिन माथि प्याक गर्छौं। "तर ऊ कहिल्यै मर्नेछैन।"

21 अब यदि तपाईले हेर्नुहुन्छ जब उहाँले लाजरसको बारेमा बोल्नुभयो, उहाँले भन्नुभयो, "लाजरस सुतेको छ।"

22 चेलाहरु, हामी जस्तै मानिसहरु, तिनीहरुले भने, "ओ, यदि ऊ सुतेको छ भने उसले राम्रो गरेको छ।" "उहाँको अर्थ विश्राम लिदै छ भन्नु थियो," जुन तिनीहरुले सोचेका थिए।

23 तर ऊ आयो र तिनीहरुसँग तिनीहरुको भाषामा बोल्नुभयो। उसले भन्यो, "'ऊ मरेको छ,' तपाई के विश्वास गर्नुहुन्छ। तर," भन्यो, "म गएर उसलाई उठाउछु, उसलाई उठाउछु।" बुझ्नुभयो? बुझ्नुभयो? जब तपाई…

24 *मृत्युको* अर्थ "छुट्टिनु" हो। अब, यदि तपाईहरु मध्ये एउटाले गर्नुहुन्छ, तपाईको परिवार मध्ये एकजना मर्नुभयो, वा केहि, ऊ, यदि ऊ परिवर्तन भएको छ, तिनीहरु मरेका छैनन्। तिनीहरु मानवीय दृष्टिकोणमा मरेका छन्। तर तिनीहरु हामीबाट अलग भएका छन्, तर तिनीहरु परमेश्वरको उपस्थितिमा छन्। तिनीहरु मरेका छैनन्, र तिनीहरु मर्न सक्दैनन्,

तिनीहरु मर्नलाई असम्भव छ। येशूले भन्नुभयो, “जसले मेरो वचनहरु दुन्दछ र मलाई पठाउनुहुनेलाई विश्वास गर्दछ त्यसमा अनन्त जीवन छ, र इन्साफमा आउनेछैनन्, तर मृत्युबाट जीवनमा सरेका छन्।” त्यसैले, ऊ मर्न सक्दैन। जे अमर छ, अनन्त, त्यो नष्ट हुन सक्दैन। यो अविनाशी जीवन हो। उसले यो प्राप्त गर्यो किनभने परमेश्वरले उसलाई यो प्रदान गर्नुभयो। र यो—यो योग्यताको कारणले होइन; यो...यो बिना शर्त हो। परमेश्वरले यो उसलाई दिनुभयो।

25 परमेश्वरले बोलाउनुहुन्छ। परमेश्वरले नबोलाएसम्म कोहि पनि परमेश्वरकहाँ आउन सक्दैन। येशूले भन्नुभयो, “मेरा पिताले नबोलाएसम्म कोहि पनि मकहाँ आउन सक्नेछैन, उहाँले तान्नुहुन्छ।” त्यो सहि हो? त्यसैले सबैमा यो पमेश्वर हुनुहुन्छ। शायद भोलि दिउँसो हामी त्यसमा अलि बढि पाउनेछौ, किनकि म यो *रोगको* चिजलाई ल्याउन चाहन्छु, तपाईमा, ताकी तपाईले यो देख्न सक्नुभएको होस्।

26 एक समय थियो जब हामी हाम्रा पिता–पूर्खामा अंकुरित थियौ। तपाईलाई त्यो थाहा छ। चिकित्सकलाई त्यो थाहा छ। ठिक छ, तपाई पनि, जान्नुहुन्छ, तपाई बाईबल पाठकहरु। तपाईलाई थाहा छ कि जीवनको जीवाणु तपाईको जिजी बुवामा शुरू भयो, जीवाणु बन्न, अनि तपाईको हजुरबुवा मार्फतबाट बाहिर आयो, त्यसपछि तपाईको बुवाकोमा, त्यसपछि तपाईको आमाकोमा र त्यसपछि तपाई अहिले हुनुहुन्छ। त्यो सहि हो। धर्मशास्त्रले पनि त्यो सिकाउछ। तपाईको लागि यहाँ धर्मशास्त्र छ यदि तपाई चाहनुहुन्छ भने। मलाई विश्वास छ कि लेवीले अब्राहामको कम्मरमा हुँदादशांश तिरेका थिए, जो उनको जिजी–बुवा थिए। त्यो सहि हो? त्यसैले, हेर्नुहोस्, जीवाणु त्यहाँ पछाडि बनेको थियो।

27 तर तपाईको प्राणहरु संसारको उत्पत्ति हुनभन्दा अगाडि बनेको थियो, जब परमेश्वरले मानिसलाई उहाँको स्वरूपमा बनाउनुभयो; मानिसको आत्मा; *एउटा* मानिस उहाँको आफ्नै स्वरूपमा होइन, तर *मानिस* उहाँको आफ्नै स्वरूपमा। बुझ्नुभयो? र तब उहाँले तिनीहरुलाई नर र नारी गरी बनाउनुभयो, पृथ्वीको धुलोमा कुनै मानिस हुनभन्दा अगाडि। कास हामीसँग आज दिउसो मौका भएको भए, हाम्रो समय लिएर त्यहाँ फर्केर जानेथियौ। केवल हेर्नुहोस् परमेश्वरले कसरी...अब, यो रेखाको बीचमा छ, तर, जब तपाईले देख्नुहुन्छ, यो ठिक रेखा सहित माथि आयो।

बुझ्नुभयो? कसरी त्यो परमेश्वरले, पहिले शुरूमा, उहाँले त्यहाँ के गर्नुभयो, र कसरी उहाँ तल पृथ्वीमा चल्नुभयो र कसरी उहाँले मानिसलाई उहाँको आफ्नै स्वरूपमा बनाउनुभयो; र त्यसपछि परमेश्वर फर्कनुभयो र मानिसको स्वरूपमा बनाईनुभयो, मानिसलाई उद्धार गर्नको लागि।

28 अब, जब परमेश्वरले मानिसलाई उहाँको स्वरूपमा बनाउनुभयो, ऊ एउटा आत्मिक मानिस थियो। र त्यसपछि माटो जोत्ने मान्छे थिएन। त्यसपछि उहाँले मानिसलाई भूमिको धुलोबाट बनाउनुभयो। अब, क्रमविकासविध, र त्यस्तै अन्य, र यी मानिसहरु जसले खोजीतलासी गर्छन् र पुरानो हड्डीहरु ल्याऊछन्, र त्यस्तै, र क्रमिक विकासमा विश्वास गर्छन्...म ठिक प्रकारको क्रमिक विकासलाई विश्वास गर्छु। मानिस आफैबाट विकसित हुन्छ, तर सबै एउटै कोषबाट होइन। होइन, श्रीमान्, किनभने एक—एक पंक्षी तब देखि पंक्षी नै छ जब देखि परमेश्वरले उसलाई पंक्षी बनाउनुभयो, र एक बाँदर एक बाँदर नै छ, एक मानिस एक मानिस नै छ। त्यो सहि हो।

29 अब, यहाँ हुनुभएको एउटा चिकित्सकसँग म केहि समय अगि बोलिरहेको थिएँ, लुइसभिलमा। उहाँले भन्नुभयो, "किन, रेभ. ब्रन्हाम!" मैले अफ्रिकाका मूल निवासीहरु कसरी खान्छन्, कसरी तल जान्छन्, भन्ने कुरा गरिरहेको थिएँ...ओ, तपाईले केहि भयानक चीजहरु तपाईले देख्नुहुन्छ, कसरी तिनीहरुले खान्छन्! केवल ती कुराहरु टिप्छन् जुन दूषित छन्, यसमा किराहरु हुन्छ, केवल त्यसलाई चारैतिर हल्लाउछन्, किरा र सबै त्यस्ता कुराहरु। उसलाई केहि कुराले फरक नै पर्दैन। बुझ्नुभयो? तिनीहरुले भने...जे पनि पिउछन्, यो के भन्ने कुराले फरक नै पर्दैन। उहाँले भन्नुभयो, "तर, रेभ. ब्रन्हाम, ती मानिसहरु मानव होइनन्।"

मैले भने, "ओ, हो, तिनीहरु हुन्। तिनीहरु निश्चय नै मानव हुन्।"

30 मैले भने, "पशुको जातिमा, मानव जातिको नजिक भनेको, एउटा चिम्पान्जी हो। र तपाईले चार हजार वर्षसम्म त्यो चिम्पान्जीबाट एउटा बोल्ने खालको बनाउने कोशिष गर्नुभयो, र उसले त्यो गर्न सकेन," मैले भने, "किनकि त्यसले सोच्न सक्दैन। ऊसँग सोच्नको लागि केहि पनि थिएन।" ओ, तपाईले उसलाई घोडा, दाँया र बाँया जस्ता साना कुराहरु सिक्न सक्नुहुन्छ, वा चस्मा लगाउन सक्नुहुन्छ, वा चुरोट पिउने, वा बाईसाईकलमा आफूलाई सन्तुलनमा राख्ने, घोडा कुदाउने, वा त्यस्तै

खालको केहि कुरा, तर घोडालाई “दाँया” र “बाँया,” वा कुकुरलाई “हास्ने” बनाएको जस्तो, वा त्यस्तै केहि। मैले भने, “ऊ एउटा पशु हो।”

31 “तर मलाई अफ्रिकामा जान दिनुहोस्, तिनीहरुमा भएको सबैभन्दा जंगली जनजातिमा, र त्यो बुशम्यानको सानो जनजाति हो।” र मैले भने, “शायद उसको हजुरबुवा–हजुरबुवा–हजुरबुवा–हजुरबुवा–हजुरबुवाले गोरा मानिसलाई कहिल्यै नदेखेको होला हो त्यस्तै। उसलाई थाहा भएको एउटा मात्रै कुरा, उसलाई कुन चाहि दाहिने र कुन चाहि देब्रे हात हो भन्नेसम्म पनि थाहा छैन। उसलाई खाने कुरा मात्रै थाहा छ, र उसले आफ्नो हातमा जे पर्छ त्यो खान्छ, यदि यो मानव शरीर हो भने, जे केहि पनि, उसलाई केहि कुराले फरक पार्दैन, केवल उसले खान्छ। तर मलाई उसलाई पाँच वर्षको उमेरमा लिन दिनुहोस्, र पन्ध्र वर्षमा उसले राम्रो अंग्रेजी बोल्नेछ र राम्रो शिक्षा पाउनेछ। किन? उसमा एउटा प्राण छ। परमेश्वरले उसलाई एउटा मानव जाति बनाउनुभयो, र उससँग पनि उत्तिकै सुसमाचार सुन्ने अधिकार छ, कम्तिमा एकपटक, जसरी हाम्रो यहाँ वरिपरी प्रचार भएको छ, पूरै अमेरिका भरि, मानिसहरुलाई, बारम्बार र बारम्बार, र विन्ती गर्दै, मनाउने र सबैकुरा। उसलाई एकपटक सुन्न दिनुहोस्, र उसलाई कराउदै झट्टै वेदीतिर गएको हेर्नुहोस्।” बुझ्नुभयो? हो, श्रीमान!

32 त्यहि नै मेरो हृदय हो, भाई, आज, जब म अफ्रिकाको बारेमा सोच्छु, र ती गरीब साना हातहरु उचालिरहेको, यसो भन्दै, “भाई ब्रन्हाम, येशूको बारेमा फेरी एकपटक!” ओ, दया! त्यहाँ ममा केहि कुरा खन्छ र जल्छ। मैले जति छिट्टो पैसा पाउछु, म त्यहाँ पनि, गईहाल्छु। मैले खान सक्ने बाहेक, मैले पाएको हरेक पैसाले, म त्यहि नै गर्छु, सबैकुरा, परमेश्वर जान्नुहुन्छ। र अधिकांश मानिसले मलाई मेरो कपडा दिनुहुन्छ। र जे कुराले म मुस्किलले बाँच्न सक्छु, म आफै, जतिसक्दो नजिक म सक्छु, म ठिक मिसनरी कोषमा हाल्छु जुन सरकारले व्यवस्था गरेको छ। मैले यसमा आयकर समेत तिर्न पर्दैन। तिन वा चार, पाँच हजार डलर उठाउन, र म त्यहाँ पारी लान्छु र मानिसहरुमा सुसमाचार प्रचार गर्छु जुन मलाई थाहा छ कि त्यस दिनमा मैले जवाफ दिनेछु। र म केको लागि जवाफ दिन्छु मलाई थाहा छ।

33 मैले गर्ने गर्थे, जब म शहरमा जाने गर्थे, मैले ठूलो सभा राख्ने गर्थे जब तिनीहरुसँग पैसा हुन्थ्यो, र तिनीहरुसँग ठूलो अभियानहरु र हजारौ डलर हुन्थ्यो, मैले रेड क्रस र त्यस्तैलाई दिने थिए। अब, अब, तिनीहरुलाई

गाली गरेको होइन, तर सडकबाट तल चार–हजार–डलरको कारमा आउदै गर्दा, एउटा ठूलो हिराको स्टड लगाएर, एउटा चुरोट पिउदै, र पाँच सय वर्ष डलर पैसामा बिमारी मान्छे–...होइन, श्रीमान! होइन, साच्चै! र यिनीहरुमा, र जसै तपाई शहरबाट बाहिर निस्किनु हुन्छ, तिनीहरुले भने, "पवित्र भनाउदा," र त्यस्तै सबैकुरा, र रमाईलो गर्दै, र हामी जुन धर्मको लागि खडा भईरहेका छौ त्यसलाई होच्याएर। होइन, श्रीमान!

34 म यसलाई आफै लिन्छु, र मेरो न्यायकर्ताको रूपमा परमेश्वरको अगाडि, मैले यसलाई सुसमाचारको काममा राख्छु, ताकी मैले मलाई थाहा छ कि त्यस दिनमा म...जब मैले मेरो प्रबन्धनको लागि हिसाब दिनुपर्दछ, यो सहि रूपमा दिईएको छ। त्यो एकदम सहि हो, किनकि मैले जानेको छु कि मैले मानिसहरुलाई व्यवहार गरिरहदा परमेश्वरलाई व्यवहार गरिरहेको हुन्छु। तपाई प्रति मेरो मनोवृत्ति नै ख्रीष्ट प्रतिको मेरो मनोवृत्ति हो। र म प्रति तपाईको मनोवृत्ति उस्तै हो, त्यो सहि हो, ख्रीष्ट प्रति हो।

35 अब, त्यस्तो मानिस हेर्नको लागि, र कसरी मानव जाति, तब, अब अमरणशील प्राण सँगै, त्यो मर्न सक्दैन, नष्ट हुनसक्दैन, अरु केहि नभएर अनन्त जीवन प्राप्त गर्दछ, कि परमेश्वर सार्वभौकिक रूपमा, उहाँको आफ्नै इच्छामा, तपाईलाई यो दिनुभयो। अनि अब, त्यसपछि, अब म...

36 मलाई यो थोरै सच्याउन दिनुहोस्, वा केहि भन्न दिनुहोस्। कोहि मानिस बाहिर जानेछ र भन्छ, "भाई ब्रन्हाम क्याल्भिनवादी हुनुहुन्छ।" होइन, म होइन। म तबसम्म क्याल्भिनवादी हुँ जबसम्म क्याल्भिनवाद बाईबलमा छ। तर जब क्याल्भिनवादी बाईबलबाट बाहिर जान्छ, तबमा अर्मिनियन हुँ, हेर्नुहोस्। म पवित्रतामा विश्वास गर्छु र म क्याल्भिनवादमा पनि, विश्वास गर्छु। तर, दुवैजना, एउटा यो अंगमा *यस* तर्फ गयो, र अर्को एउटा अंगमा *त्यता* गयो। यदि यो एफिसीको पुस्तकको लागि नभएको भए, यसलाई फर्काउन र जहाँ परमेश्वरले गर्नुभयो त्यहाँ ठिक ठाउँमा स्थापन गर्न, हामीहरु सबै सबैमा मिसिन्थ्यौ। तर तिनीहरु दुवैसँग सिद्धान्त छ, तर तिनीहरु यसमा बीउ छर्छन्, हरेकले, त्यो पवित्रवादी र क्याल्भिनवादी, पनि हो, र अर्मिनियन। अब, क्याल्भिनवादीहरुसँग केहि कुरा सत्य छ। म विश्वास गर्छु कि—कि क्याल्भिनवादको सिद्धान्त...

37 म यो विश्वास गर्छु। सुरक्षामा, म विश्वास गर्छु कि मण्डलीसँग अनन्त सुरक्षा छ। बाईबल पढ्ने कुनै पनि पाठकलाई त्यो थाहा छ, किनकि

परमेश्वरले पहिले नै भनिसक्नुभएको छ कि यो निर्दोष देखा पर्नेछ। त्यो सहि हो? तब, यो त्यहाँ हुनेछ। त्यो सहि हो? एउटा...मण्डली अनन्त रूपमा सुरक्षित पारिएको छ। अब, के तपाई मण्डलीमा हुनुहुन्छ, त्यो अर्को कुरा हो। यदि तपाई मण्डलीमा हुनुहुन्छ भने, ठिक छ, तपाई मण्डलीसँग सुरक्षित हुनुहुन्छ, तर तपाई मण्डलीमा रहनु उत्तम हो। र तपाई मण्डलीमा कसरी पुग्नुहुन्छ? हात मिलाएर? होइन। तपाईको नाम पुस्तकमा राखेर? होइन, श्रीमान। "एउटै आत्माद्वारा हामीहरु सबै एउटै शरीरमा बप्तिष्मा भएका छौ।" र त्यो शरीर, परमेश्वरले कलवरीमा न्याय गर्नुभयो, त्यो येशू ख्रीष्टको शरीर थियो, र हामी एउटै आत्माद्वारा त्यस शरीरमा बप्तिष्मा भएका छौ। हामी ख्रीष्टको शरीरमा रहुन्जेल हामीसँग अनन्त सुरक्षा छ, केहि कुराले पनि हामीलाई अलग गर्न सक्दैन, केहिले हामी लाई छुदैन। यदि तपाई बाहिर जानुहुन्छ भने, तपाई तपाईको आफ्नै इच्छाले बाहिर जानुहुन्छ। तर जत्तिको निश्चित छ, यदि तपाई ख्रीष्टको शरीरमा हुनुहुन्छ भने, जत्तिको निश्चित रूपमा येशू मरेकाहरुबाट बौरी उठ्नुभयो, तपाईपनि उठ्नुहुनेछ। परमेश्वरले त्यो पहिले नै गरिसक्नुभयो। उहाँ...

38 तपाईले पाप गर्न सक्नुहुन्न। ओ, तपाईले गर्नुहुन्छ...म तपाईको आँखामा पापी हुनसक्छु, तर यदि म ख्रीष्टमा छु भने, परमेश्वरले यो देख्नुहुन्न, किनभने उसको पापहरु प्रायश्चित हुन्छन्...उहाँको रगतले मेरो पापहरुको प्रायश्चित गर्छ त्यहाँ। बुझ्नुभयो? म पाप गर्न सक्दिन। "परमेश्वरबाट जन्मिने कोहिले पाप गर्दैन, किनकि उसले पाप गर्न सक्दैन। परमेश्वरको बीउ उनमा रहन्छ।" बुझ्नुभयो? ऊ, उसले गर्न इच्छा गर्छ, यदि उसले गल्ती गर्छ भने, निश्चय नै, ऊ त्यहि समयमा स्वीकार गर्न इच्छुक हुन्छ। यदि ऊ एउटा वास्तविक इसाई हो भने, उसले यो गर्नेछ। यदि उसले यसलाई थामिराख्छ, उसले ऊसँग केहि पनि नभएको देखाउछ, पहिलो स्थानमा। त्यो सहि हो। शुरू गर्नको लागि, उसले केहि पनि पाएको छैन। तर यदि ऊ सच्चा इसाई हो भने...

39 ठिक यहाँ, तपाईले जमिनमा गहुँको दाना रोप्नुहोस्, यो जहिल्यै पनि गहुँको दाना हुनेछ। ककलबर्स यसको चारैतिर हुन सक्छ, र अरु सबैकुराहरु, तर यो खडा हुन्जेलसम्म यो गहुँको दाना नै हुनेछ। त्यो सहि हो? र यदि कुनै मानिस वास्तव मै परमेश्वरको आत्माले जन्मिएको हो भने, ऊ भित्र र बाहिर, पछाडि र अगाडि हुदैन, र बाहिर संसारमा र यहाँ बाहिर। होइन, श्रीमान्। होइन, होइन। तपाई एकदिन ककलबर हुने

र अर्को दिन गहुँको दाना हुने हुदैन। परमेश्वरको जमिनमा त्यो छैन। हो, श्रीमान। यदि तपाई परमेश्वरको आत्माले जन्मनुभएको छ, तपाई त्यस समय देखि अहिलेसम्म एउटा इसाई हुनुहुन्छ...तपाई टाढा नजाउन्जेलसम्म, र तब तपाई—तपाई अमर हुनुहुन्छ, परमेश्वरसँग। त्यो सहि हो, यदि तपाई मण्डलीमा हुनुहुन्छ भने।

40 अब, अब मृत्यु पक्षको बारेमा कुरा गरौँ। अब, त्यो अवस्थामा एउटा व्यक्ति कसरी, त्यस अवस्थामा, कहिल्यै बिरामी हुनसक्छ? किनभने तपाईको शरीर अझैसम्म उद्धार भएको छैन। तपाईको शरीरको उद्धार भएको छैन। तपाई जतिसुकै, जति नै असल भए पनि, जति नै सन्तमाया, र जति नै पवित्र, कति पवित्र आत्मा तपाईले पाउनुभएको छ, त्यो केवल तपाईको प्राण हो। र तपाईको प्राण अझै पनि पूर्ण भएको छैन। यसले केवल आशिष पाएको छ, परमेश्वरको प्रतिज्ञा, जुन हाम्रो मुक्तिको अपरिहास हो। तर यदि हामीसँग हाम्रो पुनरुत्थानको लागि कुनै प्रतिबद्धता छैन भने, कुनै दिव्य चंगाई छैन, त्यसोभए मसँग कुनै निश्चितता वा त्यहाँ पुनरुत्थान छ भनेर मलाई प्रमाणित गर्ने केहि पनि हुदैन।

41 जस्तै यदि ख्रीष्ट मेरो हृदयमा बस्नुहुन्न भने, यदि मैले यसलाई कुनै प्रकारबाट लिनुपर्छ भने एउटा—एउटा मनोवैज्ञानिक कुराबाट, कहिँ त्यस्तो विश्वास गर्नुपर्छ भने, ठिक छ, तब म—म—म यसको बारेमा थोरै संकापूर्ण हुनेछु। र त्यहि नै कारण हो, अफ्रिकामा, जब तिनीहरु आऊछन्, यहाँ मिसनरीहरु आउँछन्, ती स्वदेशीहरुलाई हजारौमा ल्याउदै, र तिनीहरुले सानो पुरानो माटोको मूर्ति र त्यस्तै सबै पोको पार्दै, यो किनभने तिनीहरुले भर्खरै बाईबलको मनोवैज्ञानिक पक्ष सुनेका छन्। त्यो सहि हो। र मेरो आफ्नै मण्डली ब्याप्टिष्ट, मेथोडिष्ट, प्रेस्बिटेरियन, सबै त्यो त्यहाँ गयो। तर जब तिनीहरुले परमेश्वरको शक्ति प्रदर्शनमा आएको देखे, यसले व्यवस्थित गरायो, तब तिनीहरुले परमेश्वर परमेश्वर हुनुहुन्छ भनि थाहा पाए।

42 तर, अब, यो रोग केले शुरू हुन्छ? अब, पहिलो कुरा, यो एउटा रोग बन्नुभन्दा अगाडि यो एउटा आत्मा हो, उस्तै नै जस्तो तपाई एउटा मानव जाति बन्नुभन्दा अगाडि एउटा आत्मा हुनुहुन्थ्यो। अब म भाई विल्लेटलाई एउटा उदाहरणको रूपमा लिन जादैछु। भाई विल्लेट, म...त्यहाँ एउटा समय थियो जब तपाई र म केहि पनि थिएनौ। र तब पहिलो कुरा,

परमेश्वरले हामीलाई एउटा जीवन दिनुभयो। र अब लिऔ, भनौ, यदि मैले तपाईको शरीर आज दिउसो तल ल्याएँ भने, तपाई कोशीकाहरुका झुण्डले बन्नुभएको छ, परमाणुहरुसँगै राखिएको। र अब, ती परमाणुहरु नष्ट हुनेछ, यदि येशूले ढिलाई गर्नुभयो भने। तपाई फर्केर जानुहुन्छ। तिनीहरु शुरूमा भएकै जस्तै हुनेछन्, फर्केर हावामा जानेछ। तर जब तपाईको आत्मा फर्किन्छ, ती परमाणुहरु फेरी यस आत्मासँग एकजुट हुन्छ र त्यो एउटा जस्तै अर्को भाई विल्लेट ल्याउछ, केवल जवान, जब उहाँ उहाँको उत्कृष्टमा हुनुहुन्थ्यो।

43 जब मानिस पच्चीस वर्षको उमेर पार् हुन्छ, उसले आफ्नो आँखाको तल थोरै चाउरी, र केहि सेता कपालहरु आउन थालेको भेट्टाउछ। यो हुन जानेछ, किनभने मृत्यु तपाईको पछाडि छ। र यी मध्ये एकदिनमा यसले तपाईलाई लानेछ। चाहे तपाई जो कोहि होस्, यसले तपाईलाई लैजान्छ। तर यो बिस्तारै...तपाई यो कुनामा पुग्नुहुनेछ, र परमेश्वरले तपाईलाई त्यो कुनाबाट लानुहुनेछ, र तपाई *यहाँ* यो कुनामा हुनुहुनेछ, मृत्युले लगभग तपाईलाई पाउनेछ, र यहाँनिर, तर केहि समय पछि यसले तपाईलाई पाउनेछ। तर तब, मृत्युले के गर्न सक्छ, यसले आफ्नो पूर्ण महसूस लिनेछ, र त्यसपछि...जब यसले गर्न सक्ने सबै गर्छ...जब परमेश्वरले तपाईलाई यो जीवन दिनुभयो, र तपाई आफ्नो उत्कृष्ट समयमा हुनुहुन्थ्यो, करीब त्तेईसमा, जब तपाई पुनरुत्थानमा आउनुहुन्छ तपाई जस्तो हुनुहुन्छ त्यस्तै नै आउनुहुनेछ जब तपाई त्तेईस वर्षको उमेर, पच्चिस, मृत्युले तपाईलाई लिनुभन्दा अगाडि। मृत्यु आफूले गर्न सक्ने सबै लिनेछ। त्यो त्यहाँ बस्छ, तर तपाई ठिक फर्केर तपाई जस्तो हुनुहुन्छ त्यस्तै आउनुहुनेछ।

44 अब, यदि तपाईको—तपाईको शरीरमा भएको हरेक कोशिकाहरु, अब यसलाई तल लगौ, तपाई कोशिका पछि कोशिका हुदै आउनुहुन्छ, र यहाँ मंचमा अलग भई राखिन्छ, तपाईको शरीरमा भएको हरेक कोशिका पछि, तपाई एउटा सानो सानो किटाणुमा आउनुहुनेछ जहाँ तपाईले शुरू गर्नुभएको थियो, प्राकृतिक आँखाले देख्न पनि सकिन्न। तपाईले स्कोपको चस्माले हेर्नुपर्छ। मैले जीवनको किटाणु एउटा माईक्रोस्कोपमा हेरेको छु। यो एउटा सानो सानो धागो जस्तो देखिन्छ। र पहिलो कुरा जुन शुरू हुन्छ त्यो मेरुदण्डमा हुन्छ, यो एउटा सानो गाँठो जस्तो हो। त्यो नै पहिलो कोशिका हो जुन शिर्ष एउटा कोशिकाको पहिले जम्मा हुन्छ।

45 अब, यदि मैले त्यो सानो एउटा एकल कोशीका लिनुपर्यो भने जसबाट तपाईहरु सबै आउनुभयो, एउटा सानो सानो, कोशिका, किटाणु...एउटा किटाणु के हो? एउटा किटाणु एउटा सानो सानो, कोशिकाको भन्दा सुक्ष्म हो। ठिक छ, त्यसको पछि के हो? अब, मैले तपाईको हरेक टुक्राबाट तल, यो एउटा सानो कोशमा ल्याएको छु, र मैले तपाईलाई अझै पनि फेला पारेको छैन। मैले भर्खरै तपाईको कोशिकालाई राखेको छु। ठिक छ, तब, अर्को कुरा, रक्त कोशिकाहरु, र मासुका कोशिकाहरु, र तिनीहरु जे पनि हो, सबैलाई यहाँ बाहिर राख्दै, तर अझै पनि मैले तपाईलाई पाएको छैन। अब, म एउटा किटाणुमा छु अब। ठिक छ, म त्यो सानो कोशिका अलग गर्न जाँदैछु। अब, तपाई कहाँ हुनुहुन्छ? तपाईको जीवन। र जीवनले पहिलो कोशिका बनाउछ, जुन एउटा किटाणु हो, त्यसपछि सबैकुरा त्यसको प्रकृति अनुसार बन्छ; कुकुर कुकुरको प्रकृतिमा, पंक्षी पंक्षीको प्रकृतिमा, मानिस मानिसको प्रकृतिमा। कोशिकाहरु विकास गर्दै, कोशिकामा कोशिका, कोशिकामा कोशिका, तपाई कहाँ हुनुहुन्छ त्यहाँ आउँछ, मानव जाति, कोशिकाहरुको विकास हुदै। अब, त्यो परमेश्वरले त्यस्तो हुनको निम्ति नियुक्त गर्नुभयो।

46 तर, अब, एउटा क्यान्सरको बारेमा के हुन्छ? आउनुहोस् यसको बारेमा थोरै बोलौ। अब, परमेश्वरले तपाईलाई तपाईको जीवन दिनुभयो। र भनौ, आज तपाई यहाँ हुनुहुन्छ, यहाँ म छु, त्यहाँ—यहाँ मेरो हातमा केहि पनि छैन, तर मेरो हातमा कुनै बेला क्यान्सर हुन सक्छ। ठिक छ, क्यान्सर त्यहाँ कसरी पुग्यो? आऔ हेरौ त्यो क्यान्सर के हो, आउनुहोस् यसलाई अलग गरौ, आउनुहोस् यसलाई लिऔं। अब, यो पनि, कोशिकाहरुको गुच्छा हो। के तपाईलाई त्यो थाहा थियो? ट्युमार, मोतिबिन्दु, यी कुनै पनि चीज कोशिका हुन्। तिनीहरुको कुनै रुप छैन। ती मध्ये केहि फैलिन्छ, र ती मध्ये कुनै माकुरा जस्तो देखिन्छ, र कुनै यस्तो देखिन्छ...दौडिने रेखा, एउटा रातो क्यान्सर, रातो लामो धागो जस्तै जुन त्यसबाट भएर भित्र जान्छ...र त्यसपछि त्यहाँ गुलाबको क्यान्सर हुन्छ जुन सामान्यतया महिलाको स्तनमा आउँछ, यो एक अर्कामा बिछ्याईएको प्यानकेक जस्तै हो, र तिनीहरु बाहिर निस्केर जान्छ। र तिनीहरु केवल जहाँ पनि बढ्छन्।

47 कहिले काहि ट्युबरहरु एकतर्फी हुन्छन्, *यस* बाटो, लामो, आयताकार, र सबैकुराहरु। तिनीहरुको कुनै रुप छैन, किनभने तिनीहरु

आत्माको पछि लागेका छन् जसको रुप हुदैन। तर यो कोशिकाको विकास हो। यो कोशिकाको झुण्डहरु हो जुन, भनौ, तपाई भित्र ठिक अहिले एउटा ट्युमार वा एउटा क्यान्सर हो, यो विकास भईरहेको, बढ्दै, बढ्दै, बढ्दै गरेको कोशिकाहरु हुन्। यो खाँदैछ, तपाईबाट तपाईको जीवन चुस्दै छ। यो रक्तप्रवाहमा बसिरहेको छ। मोतिबिन्दुले आँखाको श्लेष्म लिन्छ अनि ठिक त्यस माथि बढ्छ, आफैलाई ढाकछ, तपाईको आँखा बन्द गराउछ। ती मध्ये केहि आउछ अनि कहिल्यै पाउदैन...क्षय जस्तै, त्यो केवल सानो सानो किटाणुबाट आउछ। यसको आकार केहि छैन। एउटै आकारको किटाणुले हात्ती बनाउछ, एउटा—एउटा माकुरा बनाउछ। बुझ्नुभयो? किटाणुको आकारमा केहि छैन।

48 र तिनीहरु मध्ये केहिले शरीरको रुप लिन्छ, कुनैले कहिल्यै लिदैन। र कुनै कहिल्यै पनि कोशिकामा जादैन। केहि आत्मा बन्छ, प्राणलाई पिडा दिन्छ। हामी त्यो भागमा जाने कोशिष गर्नेछौ, म त्यो भाग भोलि दिउसोको लागि छोड्छु, यदि मैले सक्छु भने, जहाँ त्यो प्राण–आत्मा आउछ, र *यहाँ* तल जान्छ।

49 र अब, मित्रहरु, मैले यो कुनै खालको मनोविज्ञानबाट भनिरहेको होइन। मैले वर्षौदेखि भूतहरुसँग व्यवहार गरेको छु, र तपाईलाई त्यो थाहा छ। यदि तपाईलाई मात्र थाहा थियो भने, रातमा सेवाहरु समाप्त भएपछि, कहिले काहि के हुन्छ। तपाईलाई थाहा छैन। याद गर्नुहोस्, जब तपाई एउटा आत्माको विरुद्धमा आउनुहुन्छ, तपाईले के को बारेमा बोल्दै हुनुहुन्छ त्यो जानेको उत्तम हुन्छ। केवल त्यहाँ उभेर जारी नराख्नुहोस्, किनकि यसले कुनै राम्रो गर्नेवाला छैन। तर जब वास्तवमा एउटा प्रेतले तपाईको आज्ञा मान्नुपर्छ, त्यसले यो चिन्नेछ। यो तपाई कति ठूलो स्वरले कराउनुहुन्छ भन्ने कुरा होइन, तपाईले कति धेरै तेल लगाउनुहुन्छ भन्ने कुरा होइन। यो यहाँ पछाडि के छ त्यो त्यसले चिन्नेछ, सत्यता। येशूले बस त्यसलाई भन्नुभयो, "बाहिर निस्की।"

50 याद गर्नुहोस्, चेलाहरुले लात हान्ने र घुमाउने, र त्यसलाई बाहिर निकाल्ने कोशिष गरिरहेका थिए, अनि सबै कोशिष गरे। तिनीहरुले भने, "किन हामीले त्यसलाई निकाल्न सकेनौ?"

भन्नुभयो, "किनभने, तिम्रो अविश्वासको कारणले।"

51 भन्नुभयो, "ऊ बाट बाहिर निस्की आईज।" केटा लड्यो र उसले अहिले सम्म भएको कठिन दौरा आयो। बुझ्नुभयो? बुझ्नुभयो? तिनीहरुले अधिकार चिने।

52 त्यहाँ तल ती केटाहरुलाई हेर्नुहोस्, ती आवाराहरु जसले पावलले भूतहरु निकालेका देखेका थिए। तिनीहरुले भने, "हामीले पनि त्यस्तै गर्न सक्छौ," केहि पूजारीका छोराहरु। त्यसैले तिनीहरु तल गएर भन्छन्, "हामीले प्रेतआत्मा निकाल्न सक्छौ।" प्रेरित १९। तिनीहरु तल एउटा मिर्गी रोग लागेको मानिस कहाँ गए, र भने, "हामी तिमीलाई येशूमा, शपथ लिएर भन्छौ। उसबाट निस्की आईज..." शैतानले भन्यो, "अब..." "...येशूको नाउँमा, जसलाई पावलले प्रचार गर्छन्!"

53 शैतानले भन्यो, "अब, म येशूलाई चिन्दछु र पावललाई चिन्दछु, तर त को होस्?" के भयो तपाईलाई थाहा छ। मानिसमाथि आयो, उसको कपडा च्यात्यो, र तिनीहरु आफैमा त्यो दौरा लाग्यो, र सडकमा भए।

54 ती उहि दुष्टहरु आज बसेका छन्, त्यसैले त्यहाँ धेरै कट्टरताहरु छन्, यो मण्डली हो, यस साँझमा। देशमा आज धेरै कट्टरता छन्, जसलाई दिव्य चंगाई भन्छन्, त्यो बन्द गरिनुपर्छ। यसले वास्तविक कारणमा निन्दा ल्याउँछ। त्यसैले नै तपाईमा त्यस्तो कठिन संघर्ष छ। त्यहाँ धेरै कुरा छन् जसलाई धर्म भनिन्छ, आज, जुन बन्द गरिनुपर्छ। [टेपमा रिक्त स्थान—सम्पा।] पन्थ बाहेक अरु केहि होइन! त्यसले नै परमेश्वरको साँचो मण्डलीलाई त्यससँग एउटा कठिन संघर्ष गर्ने बनाउछ। तर हामी अमेरिका हौँ, हेर्नुहोस्, त्यस तरिकामा नै हुनुपर्छ। परमेश्वरले भन्नुहुन्छ गहुँ र लता र झाडी एकसाथ हुर्किन्छ। त्यसलाई उखेल्ने कोशिष नगर। तिनीहरुलाई सँगै हुर्किन देउ, तर तिनीहरुको फलद्वारा तिमीले तिनीहरुलाई चिन्नेछौ। त्यहाँ कुनै फल छैन, त्यहाँ कुनै जीवन छैन, त्यहाँ केहि पनि छैन।

55 अब, यो कोशिकालाई हेर्नुहोस्, भनौ, उदाहारणको लागि, जस्तो धेरैजसो समय, रातो क्यान्सरले सामान्यतया एउटा महिलाको पाठेघरमा हान्छ, महिलाको दाग र अन्य त्यस्तै कुराहरु। अब त्यो, आउनुहोस् त्यो लिऔ, त्यो साथी तल अहिले, उहाँको कोशिकामा, यो—यो क्यान्सर। अब एउटा क्यान्सर...

56 प्राकृतिक सबै कुराहरु आत्मिकको चित्रण हुन्छ। के तपाई यस बारे सचेत हुनुहुन्छ? प्राकृतिक सबै कुराहरु आत्मिकको चित्रण हुन्छ, सबैकुरामा।

57 उदाहरणको लागि, यो जस्तो, जब—जब हामी ख्रीष्टको शरीरमा जन्मन्छौ, त्यहाँ तिन तत्वहरु हुन्छन् जसले हाम्रो जन्म ल्याउन आवश्यक कुरा लिन्छ। र ख्रीष्टको मृत्यु हुँदा उहाँजी जीवनबात बाहिर आएका तिन तत्वहरु हुन्। त्यहाँ उहाँको शरीरबाट, पानी, रगत, र आत्मा आउँछन्। के त्यो सहि हो? तिन तत्वहरु, त्यहि नै तत्वहरु हुन् जसद्वारा भएर हामी जान्छौ जब हामी नयाँ गरी जन्मन्छौ: न्यायकरण, पवित्रीकरण, पवित्र आत्माको बप्तिष्मा। अब, त्यो सबै एकै कार्यमा हुन सक्दछ। तर यसले लिन्छ...तर तपाई पत्रिकरण नभईकण न्यायकरण भएको स्थितिमा हुन सक्नुहुन्छ। तपाईले प्रभु येशू ख्रीष्टमा विश्वास गर्न सक्नुहुन्छ र अझै पनि आफ्नो फोहोर तपाईसँग बोक्न सक्नुहुन्छ। तर बिल्कुल दुवै न्यायकरण र सफा पवित्र जीवन जिउन सक्नुहुन्छ, तर पवित्र आत्मा बिना। हेर्नुहोस्, बाईबल, पहिलो यूहन्ना ५:७, भन्नुहुन्छ, “त्यहाँ स्वर्गमा साक्षी दिने त्यहाँ तिनजना छन्, पिता, पुत्र, र पवित्र आत्मा, र...पिता, वचन, र पवित्र आत्मा,” जुन पुत्र हो, “र यी तिन एक हुन्। र त्यहाँ पृथ्वीमा साक्षी दिने तिनजना छन्, पानी, रगत, र आत्मा, र तिनीहरु एकमा सहमत हुन्छन्।” एक होइन, तर एकमा सहमत हुन्छन्। तपाईले पुत्र नपाईकन पिता पाउन सक्नुहुन्न; तपाईले पवित्र आत्मा नपाईकन पुत्र पाउन सक्नुहुन्न, तिनीहरु तिनीहरु अविभाज्य छन्, एक। त्रिएक एकमा छन्।

58 मैले यो यहाँ वरिपरी सुन्दिन, तर तपाईले देशभरी धेरै सुन्नुहुन्छ, पेन्टिकोष्टल् समूहहरुमा सबैनभन्द महान कुरा मध्ये एक, त्यो एक सधारान कुरामा मिश्रण हो। र मैले तिनीहरुको शिर सँगै राखेर तिनीहरु दुवैले एकै कुरा विश्वास गर्छन् भनि प्रमाणित गर्छु। यो तिनीहरुको माझमा दुष्ट हो, त्यहि नै हो। यदि त्यो महान पेन्टिकोष्टल मण्डलीले...तिनीहरुले साना, पुरानो परम्पराहरु फालेर र आफैलाई परमेश्वरको एउटा आशिषित मण्डलीमा एकसाथ एकतामा राख्छन् भने, र्याप्चर आउनेछ। तर जबसम्म शैतानले तिनीहरुलाई टुक्राएर राख्न सक्छ, ठिक छ। त्यो त्यसको गर्ने तरिका हो। र तिनीहरुले वास्तवमै एउटै कुरा विश्वास गर्छन्।

एउटाले भन्छ, “ठिक छ, *यो* त्यो हो।”

59 मैले भने, “ठिक छ, यदि *यो* त्यो हो भने, त्यो *यो* हो।” त्यहाँ तपाई हुनुहुन्छ। त्यसैले, यो सबै एकै कुरा हुन्। तर तपाई त्यहाँ हुनुहुछ, त्यो त्रिएक परमेश्वरको त्रिकतावादमा। अब, अब, परमेश्वर उहाँको एकत्वमा। पिता परमेश्वर, पुत्र, पवित्र आत्मा। अब, हामीले “हाम्रो देवताहरु” भन्दैनौ, मूर्तिपूजकहरुले जस्तो। यो “हाम्रो परमेश्वर” हुनुहुन्छ। बुझ्नुभयो? यो परमेश्वरको त्रिगुणा हो।

60 अब ध्यान दिनुहोस्, अब, शैतान पनि एउटा त्रिएकमा छ। र त्यसको शक्ति त्रिएकमा छ।

61 अब, तर ध्यान दिनुहोस् जब पानी, रगत र आत्माले नयाँ जन्म पैदा गराउछ। के त्यो सहि हो? अब हेर्नुहोस्। त्यसले नयाँ जन्मको प्रतिनिधित्व गर्छ। नयाँ जन्म आउन अगाडि प्राकृतिक जन्मलाई के प्रतिनिधित्व गर्छ? जब...तपाईको आमा, जब एउटा बच्चा जन्मन्छ, पहिलो कुरा के हो? पानी। अर्को, रगत। अर्को, हेर्नुहोस्, जसले जीवन बनाउछ, हेर्नुहोस्, जसले व्यक्तिलाई बनाउछ। पानी, रगत, आत्मा।

62 अब, एउटा क्यान्सर, आउनुहोस् हाम्रो अर्कोको लागि यससँग व्यवहार गरौँ, मलाई लाग्छ, हाम्रो पाँच मिनेट बाँकी छ, अर्को पाँच मिनेटको लागि, आउनुहोस् क्यान्सरको बारेमा कुरा गरौ। त्यो कुरा के हो? त्यसले के प्रतिनिधित्व गर्छ? त्यो एउटा मूर्दाखोर हो। त्यसले एउटा गिद्धको प्रतिनिधित्व गर्छ, मरेको कुराहरु खान्छ। र एउटा क्यान्सर एउटा क्षतबाट आउँछ, प्राय जसो, जहाँ एउटा कोशिकालाई प्रहार गर्छ र यसले—यसले टुक्राउछ। र त्यहाँको एउटा सानो कोशिका पिछडिन्छ। ओ, त्यो एउटा ब्याप्टिष्टको लागि एउटा ठूलो वचन शब्द हो, होइन त? ठिक छ, तर पछाडि सर्छ, त्यो कोशिका। म एउटा ब्याप्टिष्ट हुँ जसले विश्वासमा पछाडि हुनेछ कुरामा विश्वास गर्छु।

63 कसैले भन्नुभयो, तल यहाँ अर्कान्सासको बैठकमा अर्को दिन, भन्नुभयो, “भाई ब्रन्हाम,” भन्नुभयो...यो एउटा नाजरिन मित्र हो। उहाँ निको हुनुभयो। उहाँको आफ्नो...उहाँको काँधमा बैसाखी लिएर ठिक शहरतिर जानुभयो। उहाँले भन्नुभयो, “के तपाईलाई थाहा छ?” भन्नुभयो, “जब म यहाँ पहिलो पटक आए,” भन्नुभयो, “मैले—मैले सोचे तपाई...तपाईले प्रचार गर्नुभएको सुने, तपाई एक नाजरिन हुनुहुन्थ्यो भनि मैले सोचे।” उहाँले भन्नुभयो, “तब मैले अधिकांश मानिसहरु पेन्टिकोष्टल देखे, र तपाई

पेन्टिकोष्टल हुनुहुन्छ भनि मलाई कसैले भन्नुभयो। र अहिले तपाई भन्नुहुन्छ तपाई एउटा ब्याप्टिष्ट हुनुहुन्छ।" भन्नुभयो, "मैले बुझिन।"

64 मैले भने, "ओ, त्यो सजिलो छ।" मैले भने, "म एउटा पेन्टिकोष्टल नाजरिन ब्याप्टिष्ट हुँ।" त्यसैले त्यो—त्यो ठिक छ। ठिक छ। होइन, हामीहरु ख्रीष्ट येशूमा एक हौँ, पवित्र आत्माद्वारा हामीलाई एक बनाउनुभयो। त्यो सहि हो।

65 अब, ध्यान दिनुहोस्, यो सानो कोशिका क्षत हुँदा पछाडि सर्छ। यो सानोबाट शुरू हुन्छ। अन्य साना किटाणुहरु त्यहाँ आफ्नो जीवन दिन अगाडि बढ्छ। र त्यहि नै बेला एउटा घाउमा पिप आउछ। त्यो सुक्ष्म सानो सिपाही जो तपाईको लागि लदिरहेको छ। तिनीहरु त्यहाँ अगाडि बढ्छन् र—र त्यो बिषलाई प्रहार गर्छन्, ती दुष्टको शक्ति जुन त्यहाँ—संकलन गर्ने कोशिष गर्छ, र तिनीहरुको जीवन दिन्छन्। त्यसैले बनाउछ... त्यो...तिनीहरु मरेका साना सिपाहीहरुका झुण्ड हुन्, तपाईको रगतमा त्यो पिप...त्यो एउटा—एउटा घाउमा, तिनीहरुले तपाईलाई जीवन दिनको निम्ति आफ्नो जीवन दिन्छन्।

66 अब, एक पटक जब त्यो सानो कोशिकाले त्यहाँ इन्कार गर्छ र यो दुष्टले शुरू गर्न थाल्छ, त्यो बढ्न थाल्छ, त्यसले कोशिकाहरु बढाउन थाल्छ। त्यसले ठिक त्यस्तै एउटा शरीर बनाउन थाल्छ जस्तो तपाईको बच्चा तपाईको गर्भमा बन्छ, र तपाई आफ्नो आमाको जस्तो बन्नुभयो। कोशिकाको माथि कोशिका, कोशिकाको माथि कोशिका, कोशिका बढ्छ, हर तरिकाले, जतातते; केवल, तिनीहरुसँग मानव जाति जस्तो कुनै रुप हुँदैन, यसको स्वभाव अनुसारको। यो केवल एउटा आत्माबाट हो। यो बस जसरी नि बढ्दै जान्छ, र कोशिकाको माथि कोशीका, कोशिकाको माथि कोशिका बनाउदै जान्छ।

67 र अब, तपाईलाई थाहा छ पहिलो कुरा, तपाई कमजोर भएर बिमार महसूस गर्न थाल्नुहुन्छ। तपाई चिकित्सककोमा जानुहुन्छ र उहाँले तपाईलाई जाँच गर्नेछ। शायद उहाँले पत्ता लगाउन नसक्नुहोला। यदि उहाँले पत्ता लगाउनुभयो, शायद उहाँले यसलाई काट्नुहुनेछ। यदि उहाँले यसलाई पूर्ण रूपले काट्न सक्नुभयो भने, ठिक छ, उहाँले गर्नुभयो। तर यदि उहाँले यसलाई पूर्ण रूपले काट्न सक्नुभएन भने, तब यदि यो घाटीमा वा कतै छ जहाँ यसलाई पूर्ण रूपले काट्न सकिन्न, यसको सानो कण

त्यो ठिक त्यहाँ बाँच्नेछ। हेर्नुहोस्, किनभने यससँग, यो तपाईले आफ्नो हात काटेर सुल्टाएको जस्तो हो, वा केहि त्यस्तै, वा तपाईले यो पूर्ण रुपले काट्नुहुन्छ...मेरो मतलब, यदि तपाईले मूख्य शरीर काट्नुहुन्छ, र तपाईको हात त्यहाँ राख्नुहुन्छ, किन, यो बाँच्ने छैन। तर—तर, हेर्नुहोस्, त्यससँग जीवनको रूप छैन जस्तो तपाईसँग छ। यो चलिरहेको शैतानको शक्ति हो।

68 र अब ध्यान दिनुहोस्, तपाई तिनीहरुलाई बोलाउनुहुन्छ, चिकित्सकले यसलाई, एउटा "क्यान्सर" भनि बोलाउछ। परमेश्वरले यसलाई एउटा "दुष्ट" भनि बोलाउनुहुन्छ। आज हेर्नुहोस्। तिनीहरुले बस यसलाई दिन्छन्...*क्यान्सर* शब्द कहाँबाट आयो? यो यहाँबाट आउछ... एउटा ल्याटिन शब्दबाट जुन चिकित्सा शब्दावलीमा, एउटा "गंगटो" अर्थ लाग्छ, एउटा गंगटो जुन तपाईले समुन्द्रको किनारमा देख्नुहुन्छ, जोसँग ती सबै खुट्टाहरु हुन्छ। त्यहि नै तरिकामा—यसले गर्छ, यो जान्छ, फैलिन्छ। *क्यान्सर* शब्द एउटा "गंगटो" हो। र यो भित्र पस्छ अनि यसले समाईराख्छ अनि यो जाँदै गर्दा रगत चुसिरहन्छ, अक्टुपस वा केहि जस्तै। किन, एउटा ट्युमर, मोतिबिन्दु, र अन्य रोगहरु, ती मध्ये हरेक एउटा किटाणुबाट आउँछ, र त्यो किटाणु एउटा शरीर हुनुपर्दछ। र यो एउटा शरीर बन्न पाउनुभन्दा अगाडि, यो एउटा जीवन हुनुपर्दछ। यसले सृष्टि गर्नुभन्दा अगाडि वा—वा अंकुरण बनाउनुभन्दा वा थप कोशिका बनाउनुभन्दा अगाडि, यो एउटा जीवन हुनुपर्दछ। त्यो सहि हो? अब, त्यो क्यान्सर कहाँबाट आयो? को, कहाँबाट त्यो आयो? यो केहि समय अगाडि पहिले यहाँ तपाईमा थिएन, तर अब शायद यो तपाईमा छ। यो कहाँबाट आयो? यो अर्को जीवन हो जुन तपाईको जीवनभन्दा फरक छ, जुन तपाईमा जिउदै छ। र यो एक पीडादायी, तपाईको जीवन लिदैछ। त्यहि नै कारण हो येशूले त्यसलाई "एक दुष्ट" भन्नुभयो।

69 तिनीहरुले आज मिर्गी भन्छन्, तिनीहरुले "मिर्गी" भन्छन्। किन, मिर्गी, बाईबलमा, येशूले यसलाई "एउटा दुष्ट" भन्नुभएको छ। जब एउटा मानिस एउटा केटालाई लिएर आए जो भुइँमा लोट्छ र मुखमा फिज, र त्यस्ता कुरा हुन्छ, उहाँले भन्नुभयो, "त्यसमा दुष्ट छ, र अक्सर त्यसले उसलाई आगोमा, पानीमा फाल्ने गर्छ।"

70 अब तिनीहरुले त्यसको नाममा चमक दियो र यसलाई मिर्गी भन्यो, तर

त्यो एउटा शैतान हो। र येशूले भन्नुभयो, “हे दुष्ट, त्यस बालकबाट निस्की आईज!” ठ्याक्कै। अब, प्राय जसो मिर्गौलाको समस्याले गर्दा मिर्गी हुने गरेको छ। शायद तपाई त्यसमा केहि समय पछाडि जानुहुनेछ। बुझ्नुभयो? यसले युरेमिकबाट, मिर्गी निम्त्याउछ।

71 अब, यो ध्यान दिनुहोस्, तब त्यो कोशिका त्यहाँ बस्दछ, यो एउटा दुष्ट हो। त्यसले एउटा जीवन बनाउदैछ; त्यो हुर्किदैछ, ठूलो भन्दा ठूलो हुँदैछ। त्यसले गर्नको लागि एउटा काम छ, जुन, तपाईको जीवन लिनु हो। त्यसैको लागि नै शैतानले त्यसलाई पठाएको होस्, तपाईको दिनहरु सत्तरी र दश भन्दा कम गर्न।

72 अब, म हरेक चिकित्सकलाई सलाम गर्छु। हो, श्रीमान। हरेक चिकित्सा विज्ञानलाई, मानिसहरुमा तिनीहरुले गरेका सहायताको लागि, परमेश्वरले तिनीहरुलाई आशिष दिनुभएको होस्। त्यो सहि हो। यसको बिना आजको संसारमा तपाईले के गर्नुहुनेथियो? म चिकित्सा विज्ञानको लागि परमेश्वरलाई धन्यवाद दिन्छु। म मेरो अटोमोवाईलको लागि परमेश्वरलाई धन्यवाद दिन्छु। यदि परमेश्वरले विज्ञानलाई मेरो निम्ति अटो मोवाईल बनाउन नदिनुभएको भए, मलाई यहाँसम्म हिडेर आउन अति कठिन हुनेथियो। बिजुली बत्तीको लागि, र मेरो हात धुनको लागि साबुनको निम्ति, र मेरो दाँत माझ्नको लागि मन्जनको निम्ति, निश्चय नै। म उहाँलाई सबैकुरा निम्ति धन्यवाद दिन्छु, किनभने सबै असल कुराहरु परमेश्वरबाट आउँछ।

73 तर म तपाईलाई भन्छु, त्यहाँ एउटा टुक्रा पनि औषधी छैन जसले बिमारलाई निको पारेको होस्। र त्यहाँ एउटा पनि चिकित्सक छैन, ऊ कुनै खालको मिथ्याचिकित्सक नभएसम्म, तर एउटा सच्चा चिकित्सकले तपाईलाई भन्नेछ कि तिनीहरुले चंगाई गरेको भनि दावी गर्दैनन्। ठिक मायो ब्रोदर्सकोमा, तपाईहरु धेरै...त्यहाँ मेरो अन्तर्वाता भयो, दुई वा तिन पटक। त्यहाँबाट आउने बिरामीहरुको बारेमा, जो निको हुन सक्दैन थिए...तपाईले *रिडर्स डाईजेस्ट* पढ्नुभयो, नोभेम्बरको विषय? कतिजनाले नोभेम्बरको विषय पढ्नुभयो, त्यहाँ भएको मेरो लेख, *रिडर्स डाईजेस्ट* मा? बुझ्नुभयो? र तिनीहरुले मलाई त्यहाँ माथि बोलाए, त्यो बच्चाको अन्तर्वाता लिए जसको तिनीहरुले आशा मारिसकेका थिए। भने, “यो गर्न सकिदैन थियो।” तर पवित्र आत्माले मसँग बोल्नुभयो र यो कसरी गरिन्छ सो भन्नुभयो, र यो गरियो। ठिक छ। अब, तिनीहरुले मलाई त्यहाँ माथि बोलाए। र ठिक त्यहाँ

माथि ढोका निर जहाँ जिम्मी र तिनीहरु थिए, मायो त्यहाँ हुनेगर्थ्यो, त्यहाँ ठूलो चिन्ह थियो जसले भनेको थियो, “हामी चंगाई गर्ने भनि दावी गर्दैनौ। हामी केवल प्रकृतिलाई सहायोग गर्ने दावी गर्छौ। त्यहाँ एक मात्र चंगाईकर्ता हुनुहुन्छ, उहाँ परमेश्वर हुनुहुन्छ।” तिनीहरु संसारमा सर्वश्रेष्ठ हुन्। अब, हामीसँग केहि मिथ्याचिकित्सकहरु छन्, हो। यो सहि हो। हामीसँग केहि मिथ्याप्रचारकहरु पनि, छन्। ठिक छ। त्यसैले, त्यो दुवै पक्षमा जान्छ।

74 ध्यान दिनुहोस्, तर कुनै पनि जसले आफूलाई चंगाईदाता पनि दावी गर्छ, त्यो एउटा कथाकार हो, किनकि उसले त्यो गर्न सक्दैन। किनकि बाईबलले भनेको छ, “म परमप्रभु हुँ जसले तेरा सबै पापहरु क्षमा दिन्छु र तेरा सबै रोगहरु निको पार्छु।”

75 म पढाईमा गएको छु। र मेरो कोठामा, एउटा...राष्ट्रभरका केहि उत्कृष्ट डाक्टरहरु आएका छन्। तपाईलाई जीवनको पछाडिको बारेमा थाहा छैन, मित्र, यो जान्नको लागि कि केहि भएको छ, ती कुराहरु जुन म सार्वजनिक रुपमा भन्दिन। मानिसहरु लुकेर आउँछन्। र के तपाईलाई लाग्दैन अझै पनि संसारमा त्यहाँ धेरै निकोदेमसहरु छन्; यो पक्कै छ, तिनीहरु हजारौमा छन्। तिनीहरुले त्यो हेर्छन् अनि सभामा आउछन्। त्यहाँ टि–शर्ट लगाएर आउछन्, केहि अर्को त्यस्तै, त्यो चमकका नामका साथ जुन सुन्दा तपाई चकित हुनुहुन्छ, ठिक सभामा बस्छन्। केहि दिनमा आउछन् र लुकेर कल गर्छन्, र कसैलाई अन्तर्वाताको निम्ति पठाउछन्। र ठिक अहिले भन्छन्, भन्छन्, “भाई ब्रन्हाम, त्यो सत्य हो भनि म विश्वास गर्छु।” तिनीहरु हामी जस्तै मानव हुन्। निश्चय नै। र हरेक मानिसले त्यो अन्धकारको पर्दा पछाडिको भाग हेर्ने इछ्या गर्छन् जुनबाट भएर तिनीहरु एकदिन जानुपर्दछ।

76 तर ती क्यान्सर र यी कुराहरु वास्तवमै एउटा शरीरको मासुको रूपमा दुष्टहरु हुन्, जो माथि चल्दै, तपाईको जीवन लिदैछ।

77 अब, यदि मैले चिकित्सकले जस्तै गरे भने, यदि मैले यसलाई काट्न सके, यसलाई भुइँमा राख्न सके...वा, यस्तै, भनौ, उदाहरणको लागि, तपाई एउटा क्यान्सर हुनुहुन्छ, आफै, यस पृथ्वीमा। अब, यहाँ दिव्य चंगाई छ। यदि म तपाईबाट चिकित्सकहरुको तरिकाबाट छुटकारा पाउन चाहन्छु भने, म केवल राख्नेछु...तपाईको शरीर रगड्नुपर्छ, वा केहि अर्को, जबसम्म यो सबै पृथ्वीबाट गायब हुदैन। त्यहाँ यसको नाम निशाना रहन्न, डाक्टरले तपाईबाट वृद्धि निकाले जस्तै। तर दिव्य चंगाईको रुपमा,

यदि तपाईले एउटा क्यान्सर खोज्नुहुन्छ, मैले तपाईको जीवन तपाईबाट बोलाउने थिए, र तपाई जानुहुनेछ। तपाईको जीवनले तपाई छोड्नेछ, तर तपाईको शरीर यहि जस्तो थियो त्यस्तै रहनेछ।

78 अब, त्यहाँ छ जहाँ ईश्वरीय चंगाईमा दृष्टि र समय परमेश्वरको सबैभन्दा खराब शत्रु हो। मलाई थाहा छैन भाई ब्याक्स्टरले कहिल्यै यो कुराहरु सभामा बुझ्नुहुनेछ। म तल बस्छु, यो उहाँलाई र भाई बोसवर्थलाई, बारम्बार व्याख्या गर्छु। तर यहाँ के भएको छ। धेरै मानिसहरुले यो बुझ्छन् भन्ने कुरामा मलाई संका च, किनभने, केहि समय पछि, तपाईले मानिसहरु यसो भन्दै, आएको भेट्नुहुन्छ, “मैले मेरो चंगाई पाए, भाई ब्रन्हाम, दुई वा तिन दिनको लागि, तर, परमेश्वरलाई धन्य होस्, यसले— यसले मलाई छोड्यो।” र मैले यसलाई पाए, र मलाई लाग्छ यो यस कारणले हो कि तिनीहरुले सभा सहि तरिकाले सेट गर्दैनन्। मानिसहरुले बुझ्दैनन्। मैले पुरुषहरु मंचमा आएको र पूर्ण रुपमा दृष्टि विहिन, क्यान्सर, वा आँखामा मोतिबिन्दु भएको पाएको छु, र प्रार्थना गरिईदिसके पछि यो बाईबल पढेको र, तल हिडेको पाएको छु; अनि तिन वा चार दिनमा उत्तिकै अन्धो भएका छन् जत्तिको तिनीहरु पहिलो बेलामा थिए। के भयो? जो कोहिलाई पनि थाहा छ यो कुरा कि जब जीवन कुनै पनि शरीरबाट बाहिर जान्छ, यो केहि बेरको लागि खुम्चिन्छ। के त्यो सहि हो?

79 कसैले कहिल्यै, यहाँ, मृग, वा एउटा गाई, वा त्यस्तै केहि मार्नुभएको छ? निश्चय नै। ठिक छ। तपाईले यो आज राति जोख्नुहोस्, तपाई शिकारीहरु यहाँ, मेरा मित्रहरु। तपाईले मृगलाई मार्नुहोस् र त्यसलाई तौलिनलाई राख्नुहोस्, केटाहरुलाई भन्नुहोस् यो कति तौलको हुन्छ। हेर्नुहोस्! बिहानमा त्यो शुरूको बेलामा भन्दा केहि पाउण्ड हलुको हुन्छ। जब एउटा मानिसको मृत्यु हुन्छ, गाड्ने मान्छे, पहिलो कुरा, नक्कली दाँत वा आँखा निकाल्छ। त्यहाँ जे केहि पनि छ, यसलाई निकाल्छ; किनभने, यो खुम्चिन्छ, यसले बाहिर धकेल्छ किनभने मानिसको शरीर संकुचित हुन्छ। हरेक अरु मासु संकुचित हुन्छ। जब जीवन कोशिकाबाट बाहिर जान्छ, यो तल चल्न थाल्छ, खुम्चिन्छ। यसले त्यो लगभग बहत्तर घण्टासम्म गर्नेछ। र त्यसपछि यो सुन्निन थाल्छ। एउटा सानो कुकुरलाई यहाँबाट बाहिर, सडकमा कुद्न दिनुहोस्। उसलाई लगभग तिन दिनको लागि घाममा रहन

दिनुहोस्, अनि के हुन्छ हेर्नुहोस्। ऊ कहिल्यै भएको भन्दा ठूलो कुकुर हुन्छ। यो सुन्निन्छ। के त्यो सहि हो?

80 ठिक छ, त्यहि नै कुरा हुन छ जब एउटा—एउटा दुष्ट एउटा बिमार व्यक्तिबाट बाहिर निकालिन्छ। पहिलो केहि दिनहरु, "ओ, मलाई गजब महसूस भईरहेको छ।" त्यसपछि भन्न थाल्छ, "म—म पहिले भन्दा पनि—बढि बिमार भए। मैले मेरो चंगाई गुमाए।" जसरी विश्वासले यसले बाहिर निकाल्यो, अविश्वासले यसलाई फेरी फिर्ता ल्यायो। जसरी विश्वासले यसलाई मार्छ, अविश्वासले यसलाई पुनरुत्थान गर्छ। येशूले भन्नुभयो, "जब अशुद्ध आत्मा एउटा मानिसबाट बाहिर जान्छ, त्यो सुख्खा ठाउँहरुमा जान्छ र सातवटा अन्य दुष्टहरु सहित फर्कन्छ।" र यदि घरको असल मान्छे त्यहाँ ढोकामा सुरक्षाको लागि बसेको छैन भने, ऊ ठिक त्यहाँ आउनेछ। र तपाईको घरको असल मानिस तपाईको विश्वास हो। भन्नुहोस्, "दूर बस!" त्यहि नै हो।

81 तर अब तपाईले निको भएको बिरामीलाई हेर्नुहुन्छ, सामान्यतया, त्यो एउटा उत्कृष्ट चमत्कार हो भने मात्रै। जुन, दिव्य चंगाई र एउटा चमत्कार दुईभिन्न कुराहरु हुन्। दिव्य चंगाई, एउटा कुरा हो; एउटा चमत्कार अर्को कुरा हो। तर दिव्य चंगाईको सामान्य दौड, जब अशुद्ध आत्मा बाहिर निकालिन्छ, एउटा क्यान्सर दुष्ट, जब यसले एउटा व्यक्तिलाई छोड्छ, "ओ!" अब, वा भनौ हामी केहि कुरा लिनेछौ ताकी तपाईले थप दृश्य देख्न सक्नुहुन्छ, म भन्छु, मोतिबिन्दु। के हुन्छ जब त्यो मानिस...यदि तपाईले दृष्टि विहिन व्यक्तिलाई ध्यान दिनुहुन्छ भने। मलाई थाहा छैन मेरो यहाँ कहिल्यै कुनै पनि थियो वा थिएन, अझै पनि, मोतिबिन्दु भएको आँखा। म उहाँहरुलाई केहि मिनेट उठ्नको लागि भन्ने छु। किन? ताकी संकुचित हुन थाल्नेछ। उहाँहरुलाई फर्केर आउनलाई भन्छु, एउटा गवाहि दिनको लागि। "ओ, मेरो!" तिनीहरुले राम्रो देख्न सक्नुहुन्छ। "ओ, प्रभु! केवल, मैले सबथोक देख्न सक्छु! हो! म..." के भयो? जीवन गयो; मोतिबिन्दुको शरीर संकुचित हुदैछ। ठिक छ, यसले केहि दिनको लागि त्यसतरिकामा गर्नेछ। भन्छन्, "ओ, म धेरै ठिक भएको छु।"

82 र केहि समय पछि, तिनीहरुको टाउको दुख्न शुरू गर्छ, ठिक महसूस हुदैन। अर्को दिन उठ्छन्, "मैले फेरी मेरो दृष्टि गुमाउदै छु।"

83 ती मध्ये केहिले भने, "अँ–ह, तपाईले भर्खरै काम गर्नुभयो। त्यो पवित्र–भनौदाहरुले तपाईलाई केहि काम गर्यो।" के तपाईले त्यो विश्वास

गर्नुहुन्न! त्यो शैतानको झुट हो। यदि तपाईले त्यो विश्वास गर्नुहुन्छ भने, तपाई फेरी दृष्टि विहिन हुनुहुनेछ।

तर तपाईले केवल विश्वास गर्नुहुन्छ, भन्नुहुन्छ, "होइन। प्रभु, म विश्वास गर्छु।"

84 तब के हुन्छ? त्यो शरीर कति धेरै दिनको लागि सुनिन्छ। यसले फेरी त्यो दृष्टिलाई ढाक्छ। त्यो क्यान्सर शरीरमा सुन्निनेछ। तपाईलाई फेरी दुख्ने र पिडा हुनेछ। त्यसपछि तपाई नराम्रोसँग बिमार हुनुहुनेछ, भयानक बिमार। किन? त्यो मृत मासु ठूलो वृद्धि तपाईमा त्यहाँ बस्दै छ, मरेको छ।

85 तपाई फर्केर जानुहुन्छ, डाक्टरकहाँ र उहाँले भन्नुहुन्छ, "ओ, त्यो बकवास हो। त्यो ठिक त्यहाँ क्यान्सर हो। मैले यो देख्न सक्छु। निश्चय नै, त्यो त्यहाँ छ, तर त्यो मृत छ। हाल्लेलुयाह!

86 अब, रक्त प्रवाहले शरीर शुद्ध गर्नुपर्छ। हरेक पटक जब मुटु धड्किन्छ, यसले रगतलाई शरीरको चारैतिर पठाउछ, र यसले त्यो संक्रमणलाई टिप्छ। निश्चय नै, यसले तपाईलाई बिमार बनाउनेछ। के हुन्छ यदि तपाईमा कतै मासुको टुक्रा झुण्डिएको छ, वा सर्प जत्तिको लामो, वा केहि तपाईको औंला जत्तिको ठूलो, र त्यहाँ झुण्डिरहेको हुन्छ, र यो मरेको थियो, तपाईमा त्यत्रो मासु झुण्डिरहेको छ, र यो सड्दै छ? ठिक छ, म अवश्य पनि, तपाईको रगत प्रवाहले त्यसलाई शुद्ध राख्नुपर्दछ, त्यो धड्किदै गर्दा। तर त्यहाँ एउटा मृत शरीर छ, त्यहाँ झुण्डिरहेको कुरा, किनभने यसबाट जीवन गएको छ। परमेश्वरको शक्ति, विश्वासद्वारा, यसबाट निकालिएको छ। त्यो एउटा दुष्ट हो; त्यसले छोड्नुपर्छ।

87 तर, कारण, मानिसहरुलाई निर्देशित गरिएको छैन। तिनीहरु टाढा जान्छन्, हार मान्छन्। र त्यहि दुष्ट ठिक त्यहाँ उभिरहेको छ, फेरी लिनको लागि बसिरहेको छ। जब परमेश्वरले यस मंचमा तपाईलाई केहि कुरा भन्नुहुन्छ, उहाँको आत्माद्वारा, जब प्रेरणामा रहेर, तपाईले त्यसमा संका नगर्नुहोस्, नभए तपाईमा अझै खराब कुरा हुन आउँछ, उहाँले भन्नुभयो। किनकि येशूले भन्नुभयो, "त्यस मानिसको अनितम स्थिति पहिलोको स्थिति भन्दा सात गुणा खराब थियो।" के त्यो सहि हो? जब अशुद्ध आत्मा एउटा मानिसबाट बाहिर गयो, त्यो सुक्खा ठाउँहरुमा गयो, र अन्या सात दुष्टहरु सँगै फर्कियो। त्यसैले, तपाईले अविश्वास नगर्नुहोस्। ठिक यसैसँग बस्नुहोस्। मान्नुहोस्, आफ्नो हृदयबाट। भन्नुहोस्, "होइन,

श्रीमान्! म डगमगाउने छैन! चाहे म जत्ति नै बिमार भए पनि, त्यसको यससँग कुनै सम्बन्ध छैन।" तब, तपाई जान्नुभएको पहिलो कुरा, तपाई साफ हुन थाल्नुहुन्छ। तब सबैकुरा ठिक हुनेछ। हेर्नुहोस्, यो मरेको छ। त्यो—त्यो डाक्टरले तपाईबाट जुन शल्यक्रिया गर्नुहुन्थ्यो, त्यहि वृद्धि तपाईमा छ, तर यसमा जीवन छैन।

88 तपाई भन्नुहुन्छ, "त्यसभित्र जियन, भाई ब्रन्हाम, के यसले मेरो जीवन लिन्छ?" होइन, श्रीमान्। त्यो जीवन तपाईको भन्दा अलग हो। मैले भर्खरै तपाईलाई देखाएको छु कि तपाई एक जीवन हुनुहुन्छ र एउटा प्राणी हुनुहुन्छ, र यो एउटा जीवन हो र एउटा प्राणी बन्छ; र तपाई परमेश्वरको हुनुहुन्छ, र यो शैतानको हो। तपाईले मेरो अर्थ बुझ्दै हुनुहुन्छ? प्रेतात्माशास्त्र। अब, तपाईले त्यो चिज कस्तो देखिन्छ भनेर हेर्न पर्छ जब तपाई खडा हुनुहुन्छ र यसलाई हेर्नुहुन्छ।

89 ओ, प्रभु, म क्षमा चाहन्छु, यो लगभग तेत्तिस भयो। म माफी चाहन्छु। हेर्नुहोस्, मित्रहरु। ओ, यो संसारलाई के चाहिन्छ!

90 म लगभग सात वर्ष भयो, अमेरिकाभरी शिक्षा दिदै, यी चंगाईका सेवाहरु गरेको। मैले भर्खरै देश भरि फेरी शुरू गर्ने एउटा राम्रो धारणा पाएँ, बाईबल सिकाउने, र प्रेतात्माशास्त्रमा, मानिसहरुले के गर्ने भनेर कसरी बुझ्न सक्छन्। र त्यहि नै कारण हो, तिनीहरु यी सभाहरुमा जान्छन्, धेरै पटक, र, मित्र...यदि तपाईले बुझ्नुहुन्न भने, मानिस बाहिर आउँछन्, अनि धेरै पटक...

अब, त्यो साथी याद छ जो आउनुभयो र उहाँसँग दिव्य चंगाईको वरदान छ भन्नुभयो? तपाईमा दिव्य चंगाईको वरदान थियो यदि तपाई निको हुनुभएको थियो भने। यो तपाई हुनुहुन्छ, एक। कुनै पनि वरदान विश्वासले संचालित हुन्छ। र मैले जति सुकै दिव्य चंगाईको वरदान किन नपाएको होस्, मैले पूर्ण हृदयले यसलाई विश्वास गरेको होस्, तर तपाई यहाँ उभिन सक्नुहुन्छ र, यदि तपाईसँग उही खालको विश्वास छैन भने, यसले तपाईलाई कुनै भलो गर्दैन। मैले तपाईको निम्ति प्रार्थना गर्न सक्छु, घण्टौ वा हप्तौ वा महिनौको लागि। यो दिव्य चंगाईको साथ प्रचारकहरु होइनन्। यो तपाई हुनुहुन्छ जसले दिव्य चंगाईको वरदान पाउनुभएको छ, जसले चंगाई भएको छु भनि विश्वास गर्यो, किनकि यो विश्वासद्वारा हो। विश्वासद्वारा! परमेश्वरबाटको हरेक संचालन विश्वासद्वारा हो।

91 पूरा परमेश्वरको हातहतियार विश्वासद्वारा हो। हामीसँग यो संसारको एउटा पनि प्राकृतिक कुरा छैन। एउटा—एउटा इसाई मण्डलीको हरेक कुरा विश्वासको कार्यबाट हो। परमेश्वरको हातहतियारलाई हेर्नुहोस्: प्रेम, आनन्द, शान्ति, सहनशीलता, भलाई, नम्रता, कोमलता, धैर्यता। के त्यो सहि हो? सबैकुरा अलौकिक, कुनै पनि प्राकृतिक छैन। त्यसैले हामीले प्राकृतिक कुराहरुलाई हेर्दैनौ, किनभने हामीले अलौकिकलाई काम गरिरहेका छौ। र हामीले यसलाई अधार गर्ने एक मात्र कुरा, विश्वास हो, जुन परमेश्वरले सत्य भनि भन्नुभएको छ, र हामीले अदृश्यमा हेर्दछौ। र हामीले त्यो कुराहरुलाई पुकाछौं, जुन हो जस्तो छ तर होइन; जसरी अब्राहामले गरे, र यसलाई पाए। आमेन! अब्राहामले ती कुरा पुकारे जुन थिएनन्, जस्तो परमेश्वरले गर्नुभयो, त्यो थियो जस्तो गरी। सय वर्ष भए पछि, अविश्वासद्वारा परमेश्वरको प्रतिज्ञामा डगमगाएनन्।

92 म केवल त्यो कल्पना गर्न सक्छु, के तपाई गर्नसक्नुहुन्न? हेर्नुहोस्, सारा एक बिहान उठिन्। परमेश्वरले भन्नुभयो, “अब्राहाम!” भन्नुभयो, “अब्राहाम, तिमीले बच्चा जन्माउनेछौ।”

93 सारा उठिन्। भने, “तिमीलाई कस्तो महसूस हुदैछ, सारा?” यो मिश्रित भीड हो, तर सुन्नुहोस्।

“केहि फरक नै छैन।”

94 “ठिक छ, परमेश्वरको महिमा होस्, हामीले जसरी नि पाउनेवाला छौ! जाऊ बर्ड आई र पिन, र सबैकुरा लिउ। तयार हौ।”

ठिक छ, अर्को महिना बित्यो। “सारा, तिमीलाई कस्तो महसूस हुदैछ?”

“केहि फरक नै छैन।”

वर्ष बित्यो। “सारा, के हुदैछ?”

“केहि फरक नै छैन।”

दस वर्ष बित्यो। “कुनै फरक छैन।”

पच्चीस वर्ष बित्यो। “कुनै फरक छैन।”

95 अब्राहाम, कमजोर हुनको साट्टोमा, ऊ झन् झन् बलियो भए। उनलाई थाहा थियो कि यो सधै एउटा चमत्कारको महान हुनेछ, किनकि उनले परमेश्वरमा विश्वास गरे, र उनी अविश्वासद्वारा परमेश्वरको प्रतिज्ञामा

डगमगाएनन्। उनले भने, "हामीले यो पाउनेवाला छौ!" र एकदिन साराको गर्भ फुल्न थाल्यो, र सानो इसाक जन्मियो, किनभने अब्राहमले परमेश्वरमा विश्वास गरे। र उनले ती कुराहरुमा हरेर, ती कुराहरुमा गन्ती गरे जुन चाहि थिएन जस्तो देखिन्थ्यो।

96 कुनै भावनाद्वारा होइन, न नजरबाट। तपाई भावना वा दृष्टिले हिड्नु हुदैन। यो विश्वासद्वारा हो। अनि जब परमेश्वरले कुनै पनि कुरा उच्चारण गर्नुभयो, भन्नुभयो, "जे केहि पनि तिमीले माग्छौ, जब तिमी प्रार्थना गर्छौ, तिमीले यो पाएको छौ भनि विश्वास गर," त्यसपछि त्यसलाई थामिराख्नुहोस्। परमेश्वरले त्यसो भन्नुभयो, यो त्यस्तै नै हुनुपर्नेछ! आमेन। दुष्टहरु!

पितामा विश्वास, पुत्रमा विश्वास,
पवित्र आत्मामा विश्वास, एउटामा तिन;
दुष्टहरु काँप्नेछन् र पापीहरु जागा उठ्नेछन्;
यहोवामा विश्वासले जे केहिलाई पनि हल्लाउनेछ।

त्यो सहि हो। ओ, प्रभु! निश्चित रूपमा यो हो। परमेश्वरमा विश्वास राख्नुहोस्। उहाँमा हेर्नुहोस्। तपाई नहाल्लिनुहोस्। ठिक त्यहि बस्नुहोस्। परमेश्वरले त्यसो भन्नुभयो!

97 अनि, दुष्टहरु, तिनीहरु के हुन्? तिनीहरु आत्मिक प्राणीहरु हुन्। अब, डाक्टरले—भन्छन्, "तपाईलाई क्यान्सर भएको छ। तपाईलाई टीबी भएको छ। तपाईलाई मोतिबिन्दु भएको छ। तपाईलाई प्ल्युरिसी भएको छ। तपाईलाई *यो* भएको छ।" यो एउटा दुष्ट हो। यो एउटा जीवन हो, र त्यो जीवनको पछाडि एउटा आत्मा छ। कतिजनालाई थाहा हुन्छ र त्यो एउटा क्यान्सर, मोतिबिन्दु भनि देख्छ, यो—यो...यो एउटा आत्मा हो, जसमा—एउटा जीवन छ। ठिक छ, कुनै आत्मा बिना केहिसँग जीवन हुन सक्दैन, तपाई देख्नुहुन्छ, त्यसैले त्यो संचालन गर्नको लागि त्यहाँ कतै, जीवन हुनुपर्दछ।

98 त्यहाँ भएको रूख आफूमा समेत जीवन छ। संसारको सबै विज्ञानले घाँसको एउटा धार बनाउनसक्दैन। के तपाईलाई त्यो थाहा छ? तिनीहरुले त्यो जस्तो देखिने केहि त्यस्तो कुरा बनाउन सक्छन्, तर तिनीहरुले जीवनको शूत्र पत्ता लगाउन सक्दैनन्। त्यो परमेश्वर हुनुहुन्छ। बुझ्नुभयो? येशूले रूखलाई भन्नुभयो, "श्रापित होस् तिमी। तिमीमा कुनै फल छैन, र

तिमीसँग कुनै पनि कहिल्यै हुनेछैन।” तिनीहरु त्यहिबाट भएर फर्किए। यो लगभग त्यस बिहानको आठ बजेको थियो। त्यहाँबाट भएर फर्किदा लगभग एघार बजेको थियो, जस्तो उनीहरु रातको खानाको निम्ति गईरहेका थिए। पत्रुसले भने, “त्यो रूखलाई हेर, यो जरै देखि मरेको छ।” किन? येशूले त्यो रूखमा भएको जीवनलाई हप्काउनुभयो, जुन जरामा थियो, र पूरै कुरा मर्यो। हाल्लेलुयाह!

99 त्यहि ख्रीष्टले क्यान्सरलाई जरै देखि हप्काउन सक्नुहुन्छ, र सबै कुरा मर्नेछ। त्यो रूख पहिलेको जस्तै गरी त्यहाँ उभिरहेको थियो, केहि घण्टा अगाडि, तर तपाईले पातहरु खस्न थालेको पाउनुहुन्छ, र त्यसपछि बोक्राहरु झर्न थाल्छ। र...पतन हुन थाल्यो, दिन पछि दिन, हप्ता पछि हप्ता, र केहि समय पछि त्यहाँ त्यस रूखको एउटा टुक्रा पनि बाँकी थिएन। हाल्लेलुयाह! क्यान्सर, ट्युमार, मोतिबिन्दु, वा जे केहि पनि, त्यो जान पर्नेछ जब येशूले बोल्नुहुनेछ। उहाँले शैतानलाई भगाउनुहुनेछ। र उहाँले भन्नुभयो, “मेरो नाममा तिनीहरुले भूतहरु धपाउनेछन्, नयाँ भाषाहरुमा बोल्नेछन्, सर्प समात्नेछन्, वा विषालु कुराहरु पिउनेछन्, र त्यसले कुनै नोक्सानी गर्नेछैन। यदि तिनीहरुले आफ्नो हात बिरामीहरु माथी राखे भने, तिनीहरु निको हुनेछन्।”

100 तपाई उहाँलाई प्रेम गर्नुहुन्छ? म माफि चाहन्छु मैले तपाईहरुलाई आज दिउसो एक घण्टा राखे, यहाँ बसाएर। तपाई प्रभुलाई प्रेम गर्नुहुन्छ? [सभाले भन्छ, “आमेन।”—सम्पा।] अब के हुन जानेछ? यदि तपाईले ख्रीष्टलाई आफ्नो चंगाईदाताको रूपमा स्विकार्नुहुन्छ भने, र तपाईमा केहि भएको छ भनि तपाईको हृदयमा विश्वास गर्नुहुन्छ भने, र तपाई निको हुनुभएको छ भनि विश्वास गर्नुहुन्छ, के तपाई निको हुनुभएको छ भनि विश्वास गर्नुहुन्छ? तपाईमा शैतानले कुनै काँटी हाल्न नदिनुहोस्। केवल जारी राख्नुहोस्।

“डाक्टर,” भन्छ—भन्छ, “डाक्टर, यो कस्तो देखिन्छ?”

उहाँले भन्नुभयो, “किन, यो अझै पनि त्यहाँ छ।”

101 तपाईको हृदयमा तपाई जान्नुहुन्छ, तपाईलाई थाहा छ के भएको छ। हँ! पहिलो कुरा जुन तपाईलाई थाहा छ, भन्नुहुन्छ, “भन्नुहुन्छ, अचम्म लाग्छ त्यो कुरा के भयो?”

102 तब भन्नुहुन्छ, “हेर्नुहोस्, डाक्टर, म तपाईलाई भन्न जाँदैछु। यहाँ के भयो, येशू ख्रीष्टले मलाई निको पार्नुभयो। त्यो सहि हो। येशू ख्रीष्टले मलाई निको पार्नुभयो।”

103 ठिक छ, एक पलको लागि हामी हाम्रा शिरहरु झुकाऔ। भाई विलेट, के तपाई यहाँ एक मिनेटको लागि आउनुहुन्छ, भाई?

104 अब, स्वर्गीय पिता, हामीहरु ख्रीष्टको रगतको निम्ति धन्यवादी छौ। र शायद कुनै समय तपाईको दासले, प्रभु, विवेक प्रयोग गर्दैन, धेरै लामो बोलेर। तर मलाई शायद पावल जस्तो लाग्छ, जसले एक रात रातभरी प्रचार गरे। एउटा सानो साथी झ्यालबाट खसेर मर्यो। र त्यो प्रेरित, उहाँको जीवनमा परमेश्वरको वचन सहित, जानुभयो र आफ्नो शरीर केटा माथि राख्नुभयो, उनी माथि जीवन आयो अनि उनी फेरी जिए।

105 प्रिय परमेश्वर, म जान्दछु कि यो महान सभ्यताको सूर्यास्त अब अस्ताउन लागेको छ, धेरै समय गईसक्यो, मध्ये दिन गईसकेको छ, साँझको छाँयाहरु झर्दैछ। पृथ्वीमा आउदै गरेको अन्धकारको ठाउँ लिनको लागि, परमेश्वरको राज्यबाट महान ज्योति निस्किरहेको छ। परमेश्वर, म जान्दछु कि म हरेक दिन बुढो हुँदैछु। मलाई जान दिनुहोस्, प्रभु। मलाई बल दिनुहोस्। यो महान सत्यता सबैतिर भन्नको लागि मलाई सहायता गर्नुहोस्। हामीलाई मद्दत गर्नुहोस्, भोलि दिउसो, ताकी हामीले अझ धेरै बुझ्न सकौ।

106 र, प्रिय परमेश्वर, यस दिउसो यो सानो दर्शकलाई आशिष दिनुहोस्। आज राति, जब तिनीहरु चंगाईको सेवाको निम्ति भेला हुनेछन्, हेरक पुरुष र हरेक महिला एकअर्कालाई भेट्न र कुरा गर्ने जानेछन्, र भन्नुहोस्, “अब, यहाँ…कुनै—किने संका नगर्नुहोस्। हामी बुझ्छौ कि यो अहिले कहाँबाट आउँछ। हामी जान्दछौ कि यो एउटा शैतान हो। र हामीलाई थाहा छ जब त्यसले छोड्छ, त्यो परमेश्वरको आदेशमा आउनुपर्दछ। त्यसले गर्नुपर्छ। परमेश्वरले भन्नुभएको छ। त्यसले छोड्नुपर्छ।” त्यसपछि, तिनीहरु खुसी, रमाउदै, तिनीहरुको चंगाई दावी गर्दै जान सकून्। केहि पनि, तिनीहरुको बाटोमा अब उप्रान्त, केहि पनि खडा नहोस्; केवल जानुहोस्, विश्वास गर्दै।

107 र, परमेश्वर, यहाँ भएको सानो मण्डली, र यी सहकार्य गर्ने मण्डलीमा, यस सभा पश्चात जागृति भएको होस्, प्रभु, त्यो केवल भरिनेछ, र धेरै सयौ प्राणहरु परमेश्वरको राज्यमा ल्याईने छ। यसलाई प्रदान गर्नुहोस्, पिता।

यहाँ भएका पुरुष र महिलाहरु, जो देश भर र अन्य ठाउँहरुबाट आएका छन्, उहाँहरुले यस सन्देशलाई फर्काएर आफ्नो मण्डलीमा लानुभएको होस्, र उनीहरुमा पुरानो–शैलीको जागृति भएको होस्। यसलाई प्रदान गर्नुहोस्, प्रभु। अब हाम्रा पापहरु क्षमा गर्नुहोस्। तपाईको दासहरु हुनको निम्ति हामीलाई सहायता गर्नुहोस्। येशू ख्रीष्टको नाममा। आमेन।

108 मलाई अचम्म लाग्छ, तपाईहरु यहाँ बसिरहदा, के यहाँ भवनमा आज पापी हुनुहुन्छ, जसले भन्नुहुनेछ, "भाई ब्रन्हाम, प्रार्थनामा मलाई सम्भनुहोस्"? के तपाई गर्नुहुनेछ, के तपाई आफ्नो हात उठाउनुहुनेछ? के त्यहाँ एउटा पापी व्यक्ति हुनुहुन्छ? म गर्दिन…परमेश्वरले तपाईलाई आशिष दिनुभएको होस्, महिला। के त्यहाँ हुनुहुन्छ? परमेश्वरले तपाईलाई आशिष दिनुभएको होस्, श्रीमान। तपाई, र तपाई, परमेश्वरले तपाईलाई आशिष दिनुभएको होस्। म सोच्छु यदि तपाई…अब, यो तपाईलाई हो।

109 हेर्नुहोस्, म दर्शकमा फर्केर जानेमा विश्वास गर्दिन। जसले यो गर्नुहुन्छ म उहाँलाई आलोचना गर्दिन। म दर्शक कहाँ गएर कसैलाई तान्ने कुरामा विश्वास गर्दिन। बुभ्नुभयो? "कोहि पनि मानिस आउन सक्दैन, जबसम्म पिताले उसलाई ल्याउनुहुन्न।" बुभ्नुभयो? त्यो सहि हो। तपाईले उहाँको इच्छा विपरित उहाँलाई तान्नुहुनेछ। बुभ्नुभयो? तर यदि परमेश्वरले तपाईको हृदयमा ढकढक्याउनु हुन्छ भने, तपाई संसारमै सबै भन्दा शौभाग्य सहितको व्यक्ति हुनुहुन्छ। तपाईलाई थाहा छैन मैले कति जना मानिसहरुसँग कुरा गरको छु भनि।

***प्रेतात्माशास्त्र — भौतिक क्षेत्र*** NEP53-0608A

(Demonology — Physical Realm)

**प्रेतात्माशास्त्र श्रृंखला**

यो संदेश भाई विलियम म्यारियन ब्रन्हामद्वारा मूल रूपमा अंग्रेजीमा सोमबार दिउसो, जुन ८, १९५३, रोबर्ट्स पार्क एम्पीथियटर कन्नर्सविल, इन्डियाना, यु.एस.ए., मा प्रचार गरिएको थियो। यो प्रवचन चुम्बकीय टेप रेकर्डिङ्गबाट लिईएर अंग्रेजीमा कुनै काँट-छाँट नगरी छापिएको छ। यो नेपाली अनुवाद वोईस अफ गड रेकर्डिङ्गद्वारा छाप्ने र वितरण गर्ने गरिएको छ।

NEPALI

©2023 VGR, ALL RIGHTS RESERVED

VOICE OF GOD RECORDINGS, INDIA OFFICE
19 (NEW NO: 28) SHENOY ROAD, NUNGAMBAKKAM
CHENNAI 600 034, INDIA
044 28274560 • 044 28251791
india@vgroffice.org

VOICE OF GOD RECORDINGS
P.O. BOX 950, JEFFERSONVILLE, INDIANA 47131 U.S.A.
www.branham.org

## Copyright notice

All rights reserved. This book may be printed on a home printer for personal use or to be given out, free of charge, as a tool to spread the Gospel of Jesus Christ. This book cannot be sold, reproduced on a large scale, posted on a website, stored in a retrieval system, translated into other languages, or used for soliciting funds without the express written permission of Voice Of God Recordings®.


For more information or for other available material, please contact:


Voice Of God Recordings
P.O. Box 950, Jeffersonville, Indiana 47131 U.S.A.
www.branham.org